# सहकारी तथा गरिबी निवारण कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७९

**प्रस्तावना**: प्रदेश सरकारको सहकारी तथा गरिबी निवारणसँग सम्बन्धित वार्षिक बजेटमा समावेश भएका कार्यक्रमलाई एकीकृत, सरल, पारदर्शी र प्रभावकारी रूपमा सञ्चालन, कार्यान्वयन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारी तथा गरिबी निवारण कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले प्रदेश सरकारको वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएको सहकारी तथा गरिबी निवारण कार्यक्रमसँग सम्बन्धित अनुदान रकम सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम अनुदानको लागि प्रक्रिया पूरा गरी अनुदान प्राप्त गर्न योग्य ठहर भएका सहकारी संस्था, सदस्य वा समूह सम्झनु पर्छ र सो शब्दले सीप विकास तालिम प्राप्त गरी वस्तुगत अनुदान सहयोग प्राप्त गर्न योग्य व्यक्ति समेतलाई जनाउँछ।

(ग) "आयोजना" भन्नाले यस कार्यविधि बमोजिम संस्था, सदस्य वा समूहले प्रस्ताव गरेका कार्यक्रम, व्यवसायिक योजना वा आयोजना सम्झनु पर्छ।

(घ) "कृषि उपज" भन्नाले कृषकले नेपालमा उत्पादन गरेका वस्तु तथा त्यसरी उत्पादित वस्तुको प्रारम्भिक रूपमा प्रशोधन गरिएका खाद्यान्न बाली, फलफूल, तरकारी, मसलाबाली, पुष्प, पशुपन्छी, माछा, मासु, दूध, फुल, हाड, छाला, ऊन, च्याउ, मौरी, रेशम, चिया, कफी, अलैंची, सुपारी, घाँसेबाली, तेलहन, दलहन, कपास, जुट, उखु, रबर, कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन सम्झनु पर्छ र सो शब्दले औद्योगिक प्रयोजनका लागि प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई जनाउँछ।

(ङ) "खाद्यान्न" भन्नाले सहकारी संस्थाले सुपथ मूल्य पसल स्थापना गरी आधार मूल्यमा बिक्री गरिने चामल, दाल, नुन, चिनी, गहुँ र तेलजन्य खाद्य पदार्थ सम्झनु पर्छ।

(च) "जाँचपास" भन्नाले प्रचलित कानून बमोजिम प्राविधिक जाँच गर्नुपर्ने विषयहरूमा सो सम्बन्धी योग्यता पुगेका प्राविधिकबाट आयोजना तथा कार्यक्रमका सम्बन्धमा कामको मूल्याङ्कन गर्ने कार्य सम्झनु पर्छ।

(छ) "तालिम प्रदायक" भन्नाले विभिन्न विषय क्षेत्रमा सीपमूलक तालिम प्रदान गर्ने उद्देश्यले स्थापना भएका नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका निकाय र प्रचलित कानून बमोजिम विभिन्न विषय क्षेत्रमा सीपमूलक तालिम प्रदान गर्ने उद्देश्यले स्थापना भएका नीजि वा गैर-सरकारी संस्था वा व्यक्ति समेतलाई सम्झनु पर्छ।

(ज) "नमूना गाउँ कार्यक्रम" भन्नाले नमूना गाउँ भनी तोकिएका क्षेत्रमा सञ्चालन हुने होमस्टे, चमेना गृह, कोसेली गृह, सहकारी खेती, नगदेबाली, कृषिजन्य तथा पशुपन्छीजन्य वस्तुहरूको उत्पादन, प्रशोधन तथा बजारीकरण, सहकारी उपभोक्ता पसल, सहकारी साझा स्वास्थ्य क्लिनिक, नवप्रवर्द्धनात्मक क्रियाकलाप तथा सांस्कृतिक एवम् सामाजिक सदभाव विकासका लागि सञ्चालन गरिने आयोजना वा क्रियाकलाप सम्झनु पर्छ।

(झ) "नवीनतम सोंच सहितका कार्यक्रम" भन्नाले सहकारीहरू मार्फत् परम्परागत पेशा व्यवसायलाई आधुनिकीकरण तथा प्रविधिमैत्री बनाई सिर्जनशील तरिकाले उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने कार्यक्रम सम्झनु पर्छ।

(ञ) "नियामक निकाय" भन्नाले प्रचलित कानून बमोजिम सहकारी संस्थाको नियमन गर्ने अधिकारप्राप्त नेपाल सरकारका निकाय, प्रदेश मन्त्रालय वा प्रदेश सहकारी दर्ता अधिकारीको कार्यालय वा स्थानीय तहलाई सम्झनु पर्छ।

(ट) "परिवार" भन्नाले कानूनी रूपमा छुट्टाभिन्न नभएका, एकासगोलमा बस्ने तथा सगोलको आम्दानी खर्चमा चल्ने वा एउटै भान्सामा खानपान गरी एकै ठाँउमा बस्ने बाबु, आमा, छोरा, अविवाहिता छोरी, श्रीमान र श्रीमती सम्झनु पर्छ।

(ठ) "फर्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि उल्लिखित वस्तुको व्यवसायिक रूपमा उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण लगायतका कार्य गर्नका लागि प्रचलित कानून बमोजिम स्थापना भएका व्यवसायिक फर्म वा संस्था सम्झनु पर्छ।

(ड) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सहकारी तथा गरिबी निवारण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ढ) "लक्षित समूह" भन्नाले मन्त्रालयले तोकेका जिल्ला अन्तर्गत सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा छनौंट भएका मुक्त कमैया, हलिया, कम्लरी, दलित, भूमिहीन, द्वन्द्व पीडित, गरिब परिचय पत्र प्राप्त परिवार/परिवारका सदस्य र विपन्न नागरिकलाई सम्झनु पर्छ।

(ण) "विनियम" भन्नाले सम्बन्धित संस्थाको विनियम सम्झनु पर्छ।

(त) "विशिष्टिकृत संघ" भन्नाले प्रचलित सहकारी सम्बन्धी कानून बमोजिम दर्ता भएका विशिष्टिकृत सहकारी संघलाई सम्झनु पर्छ।

(थ) "सहकारी खेती" भन्नाले संस्थाले तोकिएको अवधिसम्म भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरूलाई प्रत्यक्ष संलग्न गराई सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गरिने खेतीपाती सम्झनु पर्छ।

(द) "सहकारी बजार" भन्नाले सहकारीद्वारा आफ्ना सदस्यको प्रत्यक्ष सहभागितामा कृषि उपज तथा जडिबुटीको खरिद, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण तथा बिक्री वितरण लगायतका कार्य गर्ने थोक बजार, सङ्कलन केन्द्र वा बिक्री कक्ष सम्झनु पर्छ।

(ध) "संस्था" भन्नाले प्रचलित सहकारी कानून बमोजिम गठन भई दर्ता भएको प्रारम्भिक सहकारी संस्था वा संघ सम्झनु पर्छ।

(न) "सामुहिक उत्पादन" भन्नाले दफा २४ बमोजिम कार्यान्वयन हुने कार्यक्रम सम्झनु पर्छ।

(प) "सामूहिक उद्यम" भन्नाले सहकारी संस्थाद्वारा स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित वस्तु उत्पादन गर्न सञ्चालन गरिने कम्तीमा ३५ सदस्य रहेको उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगका आधारित उद्यम वा व्यवसाय सम्झनु पर्छ।

(फ) "सीप विकास तालिम" भन्नाले लक्षित समूहलाई अनुसूची-५ बमोजिमका आधारभूत सीप विकास तालिमलाई सम्झनु पर्छ।

(ब) "सीमान्तीकृत समुदाय" भन्नाले प्रदेशभित्रका राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि परेका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका कानून बमोजिम औसत मानव विकासको सूचकाङ्कको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेत जनाउँछ।

(भ) "स्थानीय तह" भन्नाले प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

## परिच्छेद-२

## अनुदानका क्षेत्र, अनुदानको सीमा तथा शर्त

**३. वार्षिक कार्ययोजना तयार गर्नुपर्ने:** (१) मन्त्रालयले आफ्नो तथा मातहत कार्यालयको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतका वार्षिक विकास कार्यक्रम कार्यान्वयन गर्न आर्थिक वर्षको तोकिएको अवधिभित्र वार्षिक कार्ययोजना तयार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम वार्षिक कार्ययोजना तयार गर्दा वार्षिक खरिद योजना, नगद प्रवाह विवरण, उपलब्धि मापन सूचक र कार्यान्वयनको समय तालिका लगायतको विवरण समावेश गर्नुपर्नेछ।

४. **<u>अनुदान प्रदान गरिने ढाँचाः</u>** मन्त्रालयले यस कार्यविधि बमोजिम अनुदानग्राहीले प्रस्ताव गरेका आयोजना सञ्चालन गर्न निश्चित लागत सहभागिता अनुपात निर्धारण गरी देहायका वित्तीय तथा वस्तुगत सहयोगको ढाँचा निर्धारण गरी अनुदान प्रदान गर्नेछः-

(क) संस्थालाई बीउपुँजीको रूपमा अनुदान,(सुपथ मूल्य पसल सञ्चालन तथा बार्षिक कार्यक्रममा नाम र उद्देश्य तोकिएका सहकारी संस्थालाई प्रदान गरिने अनुदानको हकमा मात्र),

(ख) संस्थालाई आयोजनामा आधारित पुँजीगत अनुदान (पूर्वाधार निर्माण, सूचना प्रविधि उपकरण वा अन्य उपकरण, दुधको UHT उद्योग स्थापना),

(ग) कार्यक्रममा आधारित अनुदान,

(घ) वस्तुगत अनुदान (सीप विकास तालिम प्राप्त गरी सीपसँग सम्बन्धित व्यवसाय सञ्चालनको लागि मात्र)।

५. **<u>अनुदानको सीमा तथा मापदण्डः</u>** यस कार्यविधि बमोजिम कार्यान्वयन हुने आयोजनाको अनुदानको सीमा तथा मापदण्ड दफा ८ तथा अनुसूची-१ बमोजिम हुनेछ।

६. **<u>अनुदान प्रदान गरिने आयोजनाका क्षेत्रः</u>** मन्त्रालयले यस कार्यविधि बमोजिम देहायका क्षेत्र र विषयसँग सम्बन्धित आयोजनाका लागि अनुदान प्रदान गर्न सक्नेछः-

(क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय सम्मिलित संस्थाले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) संस्थाले कम्तीमा दश वर्षको लागि भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सामुहिक वा सहकारी खेतीका आयोजना,

(ग) संस्थाले आफ्ना सदस्यको उपज सङ्कलन, सञ्चय र प्रशोधन तथा बजारीकरण गर्ने आयोजना,

(घ) आम उपभोक्ता सहकारी संस्थाले आफ्ना सदस्यलाई सुपथ मूल्यमा अत्यावश्यक दैनिक उपभोग्य खाद्यान्न वस्तुहरू बिक्री वितरण गर्ने आयोजना,

(ङ) संस्थाले एकल वा सामुहिक रूपमा सञ्चालन गर्ने कृषि उत्पादन, पशुपंक्षी पालन, डेरी प्रशोधन उद्योग, कोशेली घर, डेरी फार्म, शीतघर, हरित गृह, खाद्य भण्डार, बीउ बिजन प्रशोधन केन्द, वन

पैदावारमा आधारित उद्यम, फलफूल खेती, बहुउद्देश्यीय कोल्ड च्याम्वर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत, भारी उपकरण, कृषि औजार कारखाना वा सामुहिक उत्पादन मूलक उद्योग लगायतका साझा उपभोगका आयोजना,

(च) संस्थाको प्रविधियुक्त उपकरण खरिद तथा पूर्वाधार निर्माण जस्ता संस्थागत विकास गर्ने आयोजना,

(छ) प्रादेशिक विशिष्टिकृत सहकारी उद्यम सञ्चालन गर्ने आयोजना,

(ज) मन्त्रालयले आवश्यक ठानेका अन्य वहुउद्देश्यीय प्रकृतिका क्षेत्रहरू।

७. **बीउपुँजीको रूपमा अनुदान सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले दफा ४ को खण्ड (क) र दफा ६ को खण्ड (क) वा (ख) बमोजिमका आयोजना सञ्चालन गर्न संस्थालाई बीउपुँजीको रूपमा अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको बीउपुँजीको रूपमा अनुदान प्रदान गर्दा महिला, दलित, पिछिडएको क्षेत्र, अल्पसंख्यक समुदाय वा द्वन्द्व पीडित परिवारका सदस्य मात्र सम्मिलित संस्थालाई छनौटमा प्राथमिकता दिन सकिनेछ।

(३) यस दफा बमोजिम उपलब्ध गराईएको बीउपुँजी अनुदान सम्बन्धित संस्थाले आफ्नो जगेडा कोषमा राखी आयोजनाको उद्देश्य बमोजिम व्यवसाय सञ्चालनको पुँजीगत क्षेत्रमा मात्र खर्च व्यहोर्ने गरी उपयोग गर्न गर्नुपर्नेछ।

तर संस्थाले आयोजना सञ्चालन गर्दा बीउपुँजी मासिने गरी प्रशासनिक तथा चालु प्रकृतिका कार्यमा खर्च गर्न पाउने छैन।कुनै कारणवस आयोजना सञ्चालन नहुने अवस्थामा बीउपुँजी वापत प्राप्त अनुदान रकम फिर्ता गर्नुपर्नेछ।अनुगमनको क्रममा आयोजना सञ्चालन नभएको वा तोकिएको शर्त भन्दा बाहिर गई सञ्चालन भएको पाइएमा अनुगमन समितिको सिफारिसको आधारमा बीउपुँजी वापतको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

८. **आयोजनामा आधारित पुँजीगत अनुदान सम्बन्धी व्यवस्थाः** मन्त्रालयले दफा ६ को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च), (छ) वा (ज) मा उल्लिखित आयोजना सञ्चालन गर्ने संस्थालाई देहाय बमोजिम आयोजनामा आधारित पुँजीगत अनुदान प्रदान गर्न सक्नेछः–

(क) अनुसूची-२ मा उल्लिखित पिछडिएको क्षेत्रको हकमा कुल आयोजना लागतको अधिकतम साठी प्रतिशतसम्म वा सम्बन्धित कार्यक्रमको लागि तोकिएको अनुसूची-१ बमोजिमको रकमको अधिकतम सीमासम्म,

(ख) अनुसूची-२ मा उल्लिखित पिछडिएको क्षेत्रमा रहेका महिला, दलित, सिमान्तकृत तथा द्वन्द्वपीडित समुदायका सदस्यहरुले मात्र सञ्चालन गरेको संस्थाको हकमा आयोजना लागतको अधिकतम सत्तरी प्रतिशत र

अन्य क्षेत्रमा उल्लिखित वर्ग समूदायका सदस्यले मात्र सञ्चालन गरेको संस्थाको हकमा अधिकतम साठी प्रतिशत वा अनुसूची-१ बमोजिमको रकमको अधिकतम सीमासम्म,

(ग) खण्ड (क) र (ख) मा तोकिएका बाहेकको हकमा कुल आयोजना लागतको पचास प्रतिशतसम्म वा सम्बन्धित कार्यक्रमको लागि तोकिएको अनुसूची-१ बमोजिमको रकमको अधिकतम सीमासम्म।

९. **<u>कार्यक्रममा आधारित अनुदान प्रदान गर्न सक्नेः</u>** (१) प्रदेश वा जिल्ला तहका सहकारी संघलाई सम्बन्धित नियामक निकायद्धारा जारी निर्देशनको कार्यान्वयन क्षमता एवम् नेतृत्व विकास, व्यवसाय विकास तथा विस्तार गर्ने प्रयोजनका लागि वार्षिक बजेट र कार्यक्रममा समावेश गरी कार्यक्रम अनुदान उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने अनुदानको रकम र प्रयोजन मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रमा व्यवस्था भए बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्दा मन्त्रालयले सम्बन्धित संघसँगको समझदारी-पत्र (मेमोरेन्डम अफ अन्डरस्टयान्डिङ) मा अनुदानको लेखापालन उपयोग र प्रगति प्रतिवेदनका शर्तहरू समेत तोक्नु पर्नेछ।

१०. **<u>सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन गर्नुपर्नेः</u>** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले सम्भव भएसम्म देहाय बमोजिमका सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन गर्नुपर्नेछः-

(क) उत्पादनमूलक संस्थाले सदस्यको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यलाई आवश्यक वस्तु वा सेवा मात्र बिक्री गर्नुपर्ने,

(ग) रोजगारीमूलक संस्थाले सदस्यलाई मात्र रोजगारी दिनुपर्ने।

तर यातायात सेवा, स्वास्थ्य सेवा वा वृहत नागरिक हितसँग सम्बन्धित आयोजनाको हकमा यो प्रावधान लागू हुने छैन।

११. **<u>आफ्नो स्रोतको उपयोग गर्नुपर्नेः</u>** यस कार्यविधि बमोजिम आयोजना सञ्चालन गर्दा अनुदानग्राहीले लागत सहभागिता अनुपात बमोजिमको रकम आफ्नो वा संस्थाको शेयर पुँजी वा जगेडा कोषबाट उपयोग गर्नुपर्नेछ।

१२. **<u>अनुदान रकम खर्च गर्न पाइने क्षेत्रः</u>** (१) अनुदानग्राहीले मन्त्रालयबाट प्राप्त अनुदान देहायका क्षेत्रमा मात्र खर्च गर्नुपर्नेछः-

(क) अनुसूची-१ मा उल्लिखित खर्चका क्षेत्रहरू,

(ख) परियोजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार,

(ग) परियोजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने प्रविधियुक्त यन्त्र उपकरण, मेशीनरी औजार खरिद तथा सोको जडान,

(घ) संस्थाको पुँजी निर्माणमा सहयोग पुग्ने पुँजीगत खर्चका क्षेत्र,

(ङ) मन्त्रालयले तोकेका अन्य प्रकृतिका पुँजीगत खर्चका क्षेत्र।

(२) अनुदानग्राहीले परियोजना तथा कार्यक्रममा देहायका क्षेत्रमा अनुदान रकम खर्च गर्न पाइने छैनः-

(क) परियोजना तथा कार्यक्रमका लागि जग्गा खरिद गर्न,

(ख) घर जग्गा भाडा तथा लिजमा लिइएकोमा सोको भाडा खर्च,

(ग) श्रमिक तथा कामदारको पारिश्रमिक तथा ज्याला,

(घ) संस्थाको प्रशासनिक तथा चालु प्रकृतिका खर्चका क्षेत्र।

(३) यस कार्यविधिमा अन्यन्त्रै जुनसुकै कुरा लेखिएको भए तापनि दफा १६, १७, २३ र २४ बमोजिमको कार्यक्रममा आधारित आयोजना सञ्चालनको हकमा अनुदानग्राहीले लागत सहभागिता वापत आफूले व्यहोर्नु पर्ने रकमको अधिकतम पचास प्रतिशत रकम ननाघ्ने गरी उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सीप विकास, लघुवित्तमा पहुँच स्थापना, उपयुक्त प्रविधिमा पहुँच स्थापना र वस्तु/सेवा बजारीकरण तथा व्यवसाय परामर्शको क्षेत्रमा खर्च गर्न सक्नेछन।

१३. **<u>अनुदान प्रदान नगरिने:</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले देहायको अवस्थामा संस्थालाई अनुदान रकम उपलब्ध गराउने छैनः–

(क) वार्षिक साधारण सभा समयमै सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको समयमै निर्वाचन नगरेको,

(ग) समयमै वार्षिक लेखापरीक्षण नगराएको,

(घ) लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पेश नभएको,

(ङ) अघिल्ला वर्षहरूमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) उद्देश्य र कार्यक्षेत्र भन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) भौतिक पूर्वाधार निर्माणको हकमा संस्थाको आफ्नो स्वामित्वको जग्गा नभएको,

(ज) पछिल्लो दुई वर्षको अवधिमा कुनै पनि सरकारी निकायवाट अनुदान प्राप्त गरेको,

तर मन्त्रालयले लगातार तीन बर्षसम्म अनुदान सहायता प्रदान गर्न सक्ने गरी निर्णय भएका सहकारीमा आधारित एकीकृत नमूना गाउँ, सहकारी बजार स्थापना र सञ्चालन र एक स्थानीय तह एक सामुहिक उद्यम

कार्यक्रममा आधारित आयोजना विस्तारको लागि पेश भएको व्यवसायिक आयोजनाको हकमा बढीमा तीन बर्षसम्म अनुदान सहायता प्रदान गर्न बाधा पुग्ने छैन।

(झ) पछिल्लो कर चुक्ता प्रमाणपत्र नभएको,

(ञ) संस्था दर्ता भएको कम्तीमा एक वर्ष पूरा नभएको,

तर सामुहिक उत्पादन कार्यक्रममा आधारित आयोजना सञ्चालनको लागि संस्था दर्ता भएको एक बर्ष अवधि पुरा नभए तापनि कार्यक्रम कार्यान्वयन गर्न बाधा पुग्ने छैन।

(२) बचत तथा ऋण सहकारी संस्थाले बीउपुँजी अनुदान र पुँजीगत अनुदान प्राप्त गर्न सक्ने छैन।

(३) मन्त्रालयबाट अनुदान प्राप्त गर्दा नेपाल सरकार, स्थानीय तह वा अन्य निकायबाट सोही आयोजनाको लागि अनुदान प्राप्त नगरेको स्वःघोषणा गर्नुपर्नेछ।

१४. **अनुदानग्राहीको दायित्वः** (१) अनुदान प्राप्त गर्ने अनुदानग्राहीले देहायको दायित्व बहन गर्नुपर्नेछः-

(क) जुन कार्यक्रमका लागि अनुदान प्राप्त भएको हो, सोही कार्यक्रममा मात्र अनुदान प्रयोग गर्नुपर्नेछ,

(ख) सम्झौतामा उल्लेख भए बमोजिम कार्य प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ,

(ग) अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ,

(घ) भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टी गर्नुपर्ने भएमा कर कट्टी गर्नुपर्नेछ,

(ङ) प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ र कार्यक्रमको हकमा प्रतिक्रिया सहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ, र

(च) अनुदानग्राहीले गरेको प्रतिवद्धता पूरा गर्नुपर्नेछ।

(२) अनुदानग्राहीका अन्य अधिकार, कर्तव्य तथा दायित्व सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

(३) अनुदानग्राहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नभएमा, लागत बृद्धि भएमा वा कुनै हानि नोक्सानी हुन गएमा त्यसको जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

१५. **मन्त्रालयको जिम्मेवारीः** मन्त्रालयले यस कार्यविधि बमोजिम अनुदानमा सञ्चालन गरिने कार्यक्रमको कार्यान्वयन गर्दा देहाय बमोजिमको जिम्मेवारी वहन गर्नुपर्नेछः-

(क) सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने गराउने,

(ख) प्रचलित कानून बमोजिम खर्च गर्ने गराउने, लेखा राख्ने, राख्न लगाउने,

(ग) प्रचलित कानून बमोजिम पालन गर्नुपर्ने अन्य विषय पालन गर्ने गराउने।

## परिच्छेद-३

## कार्यक्रम र सञ्चालन गरिने क्रियाकलाप

१६. **एक स्थानीय तह एक सामुदायिक उद्यम कार्यक्रमः** (१) प्रदेश सरकारको स्वीकृत वार्षिक बजेटका आधारमा सहकारीमा आधारित सामुदायिक उद्यम कार्यक्रम सञ्चालनका लागि निर्देशक समितिले प्रदेशका जिल्ला तथा स्थानीय तह छनौंट गर्नेछ।

(२) उपदफा (१) बमोजिम छनौंट भएका स्थानमा देहायका प्रकृतिका क्रियाकलाप तथा उद्यम सञ्चालन गर्न सकिनेछः-

(क) प्राकृतिक स्रोत, माटो, पानी, खानीजन्य स्रोतमा आधारित,

(ख) वन पैदावार, जडिबुटी र स्याउला पत्करमा आधारित,

(ग) बेत, बाँस, जरा, ठूटा, पात, प्राकृतिक रेशामा आधारित,

(घ) कपडा, मैन, साबुन, धुप, अगरबत्ती, सैम्फू, गाजल, टिका, माला, चुरा सामग्री उत्पादनमा आधारित,

(ङ) पशु उत्पादनसँग सम्बन्धित डेरी, रौं तथा प्वाँख प्रशोधन, मासु, प्राङ्गारिक मल, हाडखोर र छालामा आधारित,

(च) फोटोफ्रेम, सीसा, धातु, तामा, फलाम र पित्तलका भाँडाकुडा उत्पादन गर्ने, कवाडी र पुराना वस्तु सङ्कलन एवम् प्रशोधनमा आधारित,

(छ) गरगहना, घरायसी औजार उत्पादनमा आधारित,

(ज) हलो, जुवा, हरिश, कुटो, दाँते, फाली, कोदालो, सावेल जस्ता कृषि उत्पादनमा उपयोग हुने औजारको उत्पादनमा आधारित,

(झ) गुन्द्रुक, अचार, घट्ट, खाद्य मिलमा आधारित,

(ञ) कृषि र खाद्यवस्तुको प्रशोधन तथा विविधिकरण, उत्पादन तथा स्वाद गुणस्तर वृद्धि गर्ने, मिश्रण र प्याकेजिङ्ग तथा बजारीकरणमा आधारित,

(ट) ग्रामीण पर्या-पर्यटन प्रवर्द्धन,

(ठ) फोहोरजन्य पदार्थ प्रशोधन गरी मल, इन्धन तथा अन्य वस्तु उत्पादमा आधारित।

(३) मन्त्रालयले अनुदान उपलब्ध गराउँदा अन्य कुराका अतिरिक्त देहायका विषयहरूलाई आधार लिनुपर्नेछः-

(क) स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन,

(ख) स्थानीय कच्चा पदार्थको प्रयोग, प्रशोधन र स्थानीय उत्पादनको अधिकतम मूल्यलाई प्रश्रय दिने,

(ग) स्थानीयस्तरमा अत्याधिक माग रहेको वस्तुको कच्चा पदार्थ बाहिरबाट प्राप्त गरी प्रशोधन गरी अधिकतम मूल्य प्रदान गर्ने,

(घ) स्थानीय माग र आवश्यकताका आधारमा उद्योग स्थापना वा प्रवर्द्धन हुने,

(ङ) स्थापना गरिने लघु तथा घरेलु उद्योगमा आधारित स्थानीय कच्चा पदार्थ, बजार र जनशक्तिको उपयोगसँग सामन्जस्यता कायम हुने,

(च) मोडेल (नमूना) लघु तथा घरेलु उद्योगको रूपमा प्रदर्शनयोग्य हुन सक्ने,

(छ) औद्योगिक ग्रामभित्र स्थापना हुने लघु तथा घरेलु उद्यम।

(४) यस दफा बमोजिम सामुदायिक उद्यम स्थापना तथा सञ्चालन गर्दा त्यस्तो उद्यमको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृति/अनुमति लिनुपर्ने भएमा सोको पूर्व स्वीकृति/अनुमति लिनु पर्नेछ।

(५) यस दफा बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा कृषिजन्य वस्तु उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

१७. **नवीनतम सोंच सहितको उत्पादन र रोजगार कार्यक्रमः** नवीनतम सोंच सहितका उत्पादन र रोजगार कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछः-

(क) सहकारी क्षेत्रको पुँजीलाई नवीनतम सोंचका उद्यम मूलक परियोजना तथा कार्यक्रम,

(ख) सहकारीमार्फत् कृषि तथा कृषिजन्य, पशु तथा पशुजन्यका साथै कृषि वनजन्य पदार्थको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुऱ्याउने परियोजना तथा कार्यक्रम,

(ग) रोजगारी तथा स्वरोजगारी सिर्जना गर्दै गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने परियोजना तथा कार्यक्रम,

(घ) नवीनतम सोंच र विधिहरूको प्रयोग गरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनका लागि प्रतिस्पर्धात्मक क्षमताको वृद्धि गर्ने परियोजना तथा कार्यक्रम,

(ङ) व्यक्तिमा अन्तरनिहीत क्षमता वा सीपको सदुपयोग गर्ने परियोजना तथा कार्यक्रम,

(च) समुदायमा रहेको परम्परागत ज्ञान, सीप, क्षमताको पहिचान तथा अधिकतम प्रयोग गर्नुका साथै समुदायमा रहेको सिर्जनशीलतालाई संस्थागत गरी रोजगारी सिर्जना गर्ने परियोजना तथा कार्यक्रम,

(छ) जल जमिन लगायतका प्राकृतिक स्रोतको उपयोग गरी वातावरणमैत्री तथा पर्या-पर्यटन लगायतका क्षेत्रमा उद्यमशीलता प्रवर्द्धन गर्ने परियोजना तथा कार्यक्रम,

(ज) मन्त्रालयले तोकेका अन्य नवीनतम सोंचमा आधारित कार्यक्रम तथा परियोजना।

१८. <u>**सहकारीमा मार्फत एकीकृत सहकारी नमूना गाउँ स्थापना तथा सञ्चालनः**</u> (१) निर्देशक समितिले प्रदेशका कुनै जिल्लाका गाउँहरूमध्ये उपर्युक्त गाउँको छनौंट गरी सहकारी नमूना गाउँको घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम छनौंट भएका सहकारी नमूना गाउँमा संस्थाले देहायका कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गर्न सक्नेछः-

(क) स्थानीय श्रम, कच्चा पदार्थ र प्रविधिमा आधारित वस्तुहरूको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

(ख) सहकारी खेती सम्बन्धी कार्यक्रम,

(ग) साना, घरेलु तथा लघु उद्योगहरू स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(घ) बिउबिजन उत्पादन, बिक्री वितरण, प्रशोधिकरण तथा प्याकेजिङ्ग गर्ने सम्बन्धी कार्यक्रम,

(ङ) सहकारीमा आधारित सामुदायिक अस्पताल, चमेना गृह, पार्क, उद्यान, स्रोत केन्द्र, सामुदायिक जलविद्युत सम्बन्धित कार्यक्रम,

(च) होमस्टे स्थापना, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम,

(छ) सुपथ मूल्य सहकारी पसल, सङ्कलन केन्द्र, हाटबजार तथा कृषि र पशुजन्य वस्तुहरूको खरिद बिक्री सम्बन्धी कार्यक्रम,

(ज) सदस्यको क्षमता विकाससँग सम्बन्धित तालिम, गोष्ठी, प्रशिक्षण एवम् जनचेतना मूलक सूचना प्रकाशन, प्रशारणसँग सम्बन्धित कार्यक्रम,

(झ) आफ्नो क्षेत्रभित्र सिंचाई, सडक तथा अन्य पूर्वाधारहरूको निर्माण र सोको सञ्चालन तथा व्यस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(ञ) पर्या-पर्यटनसँग सम्बन्धित कार्यक्रम।

(३) उपदफा (१) बमोजिम घोषणा गरिने सहकारी नमूना गाउँ छनौंटका आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछन्ः-

(क) घना बस्ती भई भौगोलिक रूपमा उपयुक्त रहेको क्षेत्र,

(ख) आर्थिक, सामाजिक, सांस्कृतिक वा ऐतिहासिक महत्व बोकेको क्षेत्र,

(ग) सामाजिक तथा सांस्कृतिक रूपमा एकै प्रकृतिको रहनसहन, चालचलन तथा सामूहिक भावना भएका परिवार वा समुदाय बसोबास भएको क्षेत्र,

(घ) कृषि तथा पशुजन्य उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्र,

(ङ) प्राकृतिक सम्पदा एवम् सुन्दरता भई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने क्षेत्र,

(च) स्वच्छ खानेपानी, विजुली, टेलीफोन, ईन्टरनेट, बाटो-घाटो जस्ता न्यूनतम भौतिक पूर्वाधार उपलब्ध भएको वा सम्भाव्यता हुने क्षेत्र,

(छ) दीर्घकालीन लाभ हासिल गर्ने सम्भावना बोकेको क्षेत्र,

(ज) सरसफाई एवम् वातावरणीय दृष्टिले प्रदुषण रहित क्षेत्र,

(झ) मन्त्रालयले तोकेका अन्य क्षेत्रगत आधार तथा मापदण्ड।

(४) निर्देशक समितिले उपदफा (३) मा तोकिएका आधारहरूको अतिरिक्त भौतिक पूर्वाधारको विकास, मानव विकास सूचकाङ्क र संस्थाका सदस्यहरूको आर्थिक समाजिक रुपान्तरणको अवस्थाको आधारमा सूचक सहितको मापदण्ड निर्धारण गरी सहकारी नमूना गाउँ छनौंट गर्नेछ।

(५) सहकारी नमूना गाउँ सञ्चालन हुने स्थानमा सहभागी हुने संस्थाहरूले कम्तीमा एघार सदस्यीय नमूना गाउँ सञ्चालक समिति गठन गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम गठन हुने सञ्चालक समितिमा रहने सदस्यहरू समावेशी प्रतिनिधित्व हुने गरी गठन गर्नुपर्नेछ र सञ्चालक समितिले कार्यक्रमका प्रकृति तथा विषयगत क्षेत्रका आधारमा आवश्यक भएमा उप-समिति गठन गर्न सक्नेछ।

(७) सहकारी नमूना गाउँभित्र सञ्चालन हुने कार्यक्रमको निर्माण, सञ्चालन, व्यवस्थापन, उत्पादन, बजारीकरण जस्ता विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, सीप, क्षमता, जनशक्तिको प्रयोग गर्नुपर्नेछ।

(८) सिंचाई, सडक तथा पूर्वाधार तथा अन्य निर्माण सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयको पूर्व स्वीकृति बेगर डोजर, लोडर, स्काभेटर जस्ता भारी उपकरणहरू प्रयोग गर्न पाइने छैन।

(९) सहकारी नमूना गाउँमा सञ्चालन गरिने क्रियाकलापहरू गर्दा नमूना गाउँ क्षेत्रभित्र रहेका आम सदस्यहरूको निर्णय बमोजिम सञ्चालन गरिने क्रियाकलाप तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्नुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम सञ्चालन गरिने कार्यक्रममा नमूना गाउँभित्र स्थायी रूपमा बसोबास गर्ने महिला, दलित, उत्पीडित, द्वन्द्वपीडित, सीमान्तकृत समुदाय, भौगोलिक

रूपले दुर्गम क्षेत्र, आर्थिक, सामाजिक, पूर्वाधार विकासका दृष्टिले पछाडी परेको समुदायलाई प्राथमिकता दिई रोजगार तथा स्वरोजगारका अवसर प्रदान गर्नुपर्नेछ।

(११) सहकारी नमूना गाउँ क्षेत्रभित्र उत्पादन हुने वस्तुको बजारीकरणका लागि सञ्चालक समितिले बजार व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

(१२) सहकारी नमूना गाउँ क्षेत्रभित्र उत्पादन हुने वस्तुको सङ्कलन, प्रशोधन एवम् प्याकेजिङ गर्ने व्यवस्था मिलाई आवश्यकतानुसार स्थानीय ब्राण्डको विकास गर्न सकिनेछ।

तर यसरी स्थानीय ब्राण्डको नाम, संकेत वा चिन्ह राख्दा प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृत लिनुपर्ने अवस्थामा त्यस्तो स्वीकृति संस्था आफैले लिनु पर्नेछ।

(१३) सहकारी नमूना गाउँ क्षेत्रभित्र अलग-अलग स्वामित्व भएका कम्तीमा पाँच घरधनीले सामूहिक व्यवस्थापन गर्ने गरी सामुदायिक ग्रामीण होमस्टे सञ्चालन गर्न सक्नेछन्।

(१४) उपदफा (१३) बमोजिम होमस्टे सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिमका मापदण्ड पूरा गरी सम्बन्धित निकायबाट दर्ता अनुमति लिनु पर्नेछ।

(१५) सहकारी नमूना गाउँ क्षेत्रभित्र संस्थाले स्थानीय कच्चा पदार्थमा आधारित कुनै सामुहिक उद्यम सञ्चालन गर्न सक्नेछन्।

(१६) उपदफा (१५) बमोजिम सामुहिक उद्यम सञ्चालन गर्दा नमूना गाउँ क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने कम्तीमा दश जना सदस्य सम्मिलित हुनु पर्नेछ।

(१७) उपदफा (१६) बमोजिमको उद्यम सञ्चालन पूर्व प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृत वा दर्ता आवश्यक भएमा संस्था आफैले प्रक्रिया पूरा गर्नुपर्नेछ।

(१८) सहकारी नमूना गाउँ सञ्चालनको लागि संस्थाले आवश्यकतानुसार नमूना गाउँ सञ्चालन विधि बनाई लागू गर्न सक्नेछ।

(१९) यस दफा बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा कृषिजन्य वस्तु उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

**१९.** <u>**सहकारी बजार स्थापना तथा सञ्चालनः**</u> (१) सहकारी संस्थाले सहकारी बजार स्थापना तथा सञ्चालन कार्यक्रम अन्तर्गत देहाय कार्यक्रम सञ्चालन गर्न सक्नेछन्:-

(क) सहकारीमा आधारित थोक बजार स्थापना तथा सञ्चालन,

(ख) सहकारीमा आधारित सङ्कलन केन्द्र स्थापना तथा सञ्चालन,

(ग) सञ्चालित सहकारी बजार वा सङ्कलन केन्द्रको स्तरोन्नति ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सहकारीमा आधारित थोक बजार स्थापना तथा सञ्चालनको लागि जिल्ला तथा स्थानीय तह र स्थानको छनौंट निर्देशक समितिले गर्नेछ र सोही स्थानका सहकारी संस्थाहरूले मात्र प्रस्तावमा सहभागी हुन सक्नेछन्।

(३) उपदफा (१) बमोजिमका कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-

(क) सहकारीद्वारा आफ्ना सदस्यको प्रत्यक्ष सहभागितामा सामूहिक जोखिम बहन गर्ने गरी कृषि उपज तथा जडिबुटीको खरिद, प्रशोधन, ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण तथा बिक्री वितरण गर्ने,

(ख) किसानले उत्पादन गरेको कृषि उपजको सहजतापूर्वक बजारको पहुँच, ढुवानी र उचित मूल्य पाउने वातावरण सिर्जना गर्ने,

(ग) खाद्य आहार/व्यवहार (Food Habit) मा आएको परिवर्तन अनुसार भीर, पाखा तथा प्रयोगमा नआएको जग्गामा उत्पादन हुने खाद्य वस्तुलाई संरक्षण, प्रवर्द्धन र उपभोग गर्ने वातावरण सिर्जना गर्ने,

(घ) कृषि कार्यलाई सम्मानित पेशाको रूपमा रूपान्तर गरी स्वदेशमै युवा जनशक्ति परिचालन गरी रोजगारीको अवसर सिर्जना गर्ने,

(ङ) कृषि उपजको व्यवसायिक उत्पादनमा जोड दिई उत्पादकत्व बृद्धि गर्ने,

(च) सहकारी बजारको माध्यमबाट स्थानीय तथा स्वदेशी उत्पादित वस्तुको बजारीकरण गरी कृषि, पशु तथा वनस्पतिजन्य वस्तुहरूको आयात प्रतिस्थापन गर्ने।

(४) प्रदेश सरकारको अनुदानबाट विगत आर्थिक वर्षमा स्थापना भई सञ्चालनमा रहेका सहकारी बजार वा सङ्कलन केन्द्रलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न सहकारी संस्थाले व्यवसायिक कारोबारको विवरण सहित यस दफा बमोजिम स्तरोन्नतिका लागि प्रस्ताव पेश गर्न सक्नेछन्।

(५) यस दफा बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा कृषिजन्य वस्तु उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

२०. **<u>सुलभ मूल्य पसल स्थापना तथा सञ्चालन कार्यक्रमः</u>** (१) सुलभ मूल्य पसल स्थापना तथा सञ्चालन गर्दा देहायका क्रियाकलाप सञ्चालन गर्न सकिनेछः-

(क) अत्यावश्यक खाद्यान्न प्राप्त हुने गरी पसलको स्थापना तथा सञ्चालन,

(ख) आन्तरिक लगानीको पचास प्रतिशत लागत नबढ्ने गरी पसल सञ्चालनको लागि आवश्यक ढक, तराजु लगायतका यन्त्र उपकरण तथा फर्निचर खरिद तथा पूर्वाधार निर्माण,

(ग) स्थानीयस्तरमा उत्पादित खाद्य वस्तुको सङ्कलन तथा बिक्री वितरणमा प्राथमिकता दिने,

(घ) स्थानीयस्तरमा उत्पादन हुने तरकारी लगायतका कृषिजन्य उपजको बिक्री वितरणलाई प्राथमिकता दिने,

(ङ) उत्पादित वस्तुको बजारीकरणको लागि सहयोग गर्ने,

(च) अत्यावश्यक वस्तुमा हुने कालोबजारी वा कृत्रिम अभाव सिर्जना गर्ने जस्ता विकृतिलाई निरूत्साहित गर्न पहल गर्ने।

(२) निर्देशक समितिले प्रदेशका जिल्लाहरू अन्तर्गत सुपथ मूल्य पसल स्थापना तथा सञ्चालन गर्नका लागि स्थानीय तह तथा स्थान छनौंट गर्नेछ।

(३) उपदफा (२) बमोजिम सुपथ मूल्य पसल स्थापना र सञ्चालनका लागि निर्देशक समितिले देहायका आधार लिई स्थानीय तह तथा स्थान छनौंट गर्नेछः-

(क) अनुसूची-२ मा उल्लिखित भएका क्षेत्र,

(ख) मानव विकास सूचकाङ्कमा कमजोर भएको स्थानीय तह तथा स्थान,

(ग) द्वन्द्व प्रभावित, श्रमिक तथा मजदुर, विपन्न नागरिक बसोवास गर्ने स्थानीय तह तथा क्षेत्र,

(घ) भौगोलिक रूपमा पिछडिएको तथा दुर्गम क्षेत्र।

(४) मन्त्रालयले सुपथ मूल्य पसलमा बिक्री गरिने खाद्यान्नको देहायका आधारमा औसत मूल्य गणना गरी आधार मूल्य निर्धारण गर्नुपर्नेछः-

(क) नेपाल राष्ट्र बैंकले जारी गरेको खाद्यान्नको मूल्यदर,

(ख) सम्बन्धित जिल्ला तथा स्थानीय तहमा लागू हुने गरी जिल्लाका सम्बन्धित सरकारी निकायले लागू गरेको खाद्यान्नको मूल्यदर,

(ग) सम्बन्धित स्थानीय तहले बनाएको खाद्यान्नको मूल्यदर,

(घ) जिल्ला तथा स्थानीय तहका उद्योग/वाणिज्य संघले तोकेको खाद्यान्नको मूल्यदर,

(ङ) बजारमा खरिद बिक्री हुने प्रचलित मूल्यदर,

(च) जिल्ला तथा स्थानीय तहमा नै उत्पादन हुने खाद्यान्नको प्रचलित आधार मूल्यदर,

(छ) मन्त्रालयले तोकेका अन्य आधारहरू।

(५) उपदफा (४) बमोजिमका आधारमा मन्त्रालयले स्थानीय तह तथा स्थानमा स्थापना तथा सञ्चालन गरिने सुपथ मूल्य पसलमा बिक्री गरिने खाद्यान्नको मूल्य सूची तयार गर्नुपर्नेछ।

(६) सुपथ मूल्य पसलबाट बिक्री गरिने खाद्यान्नको उपदफा (५) बमोजिम तोकिएको आधार मूल्यमा मात्र बिक्री गर्नुपर्नेछ।

(७) यस दफा बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा कृषि तथा खाद्य पदार्थको खरिद बिक्री, सुपथ मूल्य पसल सञ्चालन, बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

२१. **<u>सीप विकास तालिम तथा वस्तुगत अनुदान सहयोगः</u>** (१) लक्षित समूह/समुदाय (मुक्त कमैया, हलिया, कमलरी, दलित, भूमिहिन, विपन्न आदि) मा रहेका गरिब नागरिकहरूका लागि सीप विकास तालिम तथा तालिमका सहभागीहरूलाई वस्तुगत अनुदान सहयोग सम्बन्धी कार्यक्रममा देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछः-

(क) लक्षित समूहका नागरिकको मागमा आधारित सीप विकास तालिम सञ्चालन गर्ने,

(ख) गरिबीको रेखामुनी रहेका जनताको आय-आर्जनमा बृद्धि गर्ने प्रकृतिका उद्यमशीलता र सीप विकास तालिम सञ्चालन गर्ने,

(ग) सीप विकास तालिम प्रदान गरी तालिम प्राप्त व्यक्तिलाई पुँजी, प्रविधि, उपकरण तथा सीपसँग सम्बन्धित सामग्रीमा अनुदान तथा वस्तुगत सहयोग गर्ने।

(२) मन्त्रालयले लक्षित समुहको मागमा आधारित सीप विकास तालिमको लागि प्रस्ताव माग गर्नेछ र लक्षित समूहले यस कार्यविधि बमोजिमको सूचनामा तोकिएका शर्त, समयावधिभित्र सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस सहित अनुसूची-३ बमोजिमको विवरण भरी स्थानीय तहको कार्यालयमा पेश गर्नुपर्नेछ।

तर उपदफा (१) को खण्ड (ख) बमोजिमको तालिमको हकमा मन्त्रालयले निर्णय गरी तालिम सञ्चालन गर्न सक्नेछ।

(३) सम्बन्धित स्थानीय तहको वडा कार्यालयले लक्षित समूहको सिफारिस गर्दा देहायको आधारमा गर्नुपर्नेछः-

(क) परिवारको सदस्यको नाममा तराईको हकमा पाँच कठ्ठा र पहाडको हकमा पाँच रोपनी भन्दा कम खेतीयोग्य जमिन भएको,

(ख) परिवारका कुनै पनि सदस्य सरकारी वा अन्य संगठित संस्थामा रोजगार नभएको,

(ग) कुनै पेशा वा व्यवसायबाट मासिक दश हजार भन्दा कम आम्दानी भएको,

(घ) नेपाल सरकारले जारी गरेको गरिब परिवार परिचय पत्रप्राप्त परिवार वा परिवारको सदस्य भएको,

(ङ) भौगोलिक विकटता र मानव विकास सुचकाङ्कमा पछाडि परेका समूह, वा

(च) प्रचलित कानून बमोजिम मुक्त कमैया, हलिया, कम्लरी, भूमिहिन, विपन्न समूह लगायतका परिचय पत्र प्राप्त गरेका नागरिक।

(४) उपदफा (३) बमोजिम लक्षित समूहले पेश गरेका कागजात समेतका आधारमा सम्बन्धित स्थानीय तहले सीप विकास तालिमको मागका आधारमा प्राथमिकीकरण गरी वर्गीकृत विवरण तथा पेश हुन आएका सक्कल कागजात सहित अनुसूची-४ बमोजिमको ढाँचामा मन्त्रालयले तोकेको अवधिभित्र वा प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहले पेश गरेको विवरण तथा प्राथमिकीकरण गरेको सूचीको आधारमा तालिममा सहभागी गराउने लक्षित समूहको छनौंटका लागि मूल्याङ्कन समितिले पुनःअध्ययन गरी अन्तिम नामावली तयार गरी निर्देशक समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश हुन आएका अन्तिम नामावली निर्देशक समितिले स्वीकृत गरे पश्चात लक्षित समूह सीप विकास तालिममा सहभागी हुन सक्नेछन्।

(७) मन्त्रालयले सीप विकास तालिम सञ्चालनका लागि यथासम्भव भएसम्म सरकारी स्वामित्वका तालिम प्रदायक निकाय छनौंट गर्न सक्नेछ।

तर सरकारी स्वामित्वका तालिम प्रदायक निकाय छनौंट गर्न सम्भव नभएमा वा त्यस्तो निकायले तालिम प्रदान गर्न नसक्ने भएमा मन्त्रालयले कार्य क्षेत्रगत शर्त निर्माण गरी तालिम सञ्चालन गर्ने उद्देश्यले स्थापना भएका निजी वा गैरसरकारी संस्था/फर्म/कम्पनी वा व्यक्तिलाई तालिमको लागि प्रचलित कानून बमोजिम छनौंट गर्नेछ।

२२.**<u>सीप विकास तालिम सञ्चालन तथा रकम भुक्तानी विधिः</u>** (१) छनौंट भएका लक्षित समूहलाई निजको मागको आधारमा अनुसूची-५ मा उल्लिखित तालिममध्ये कुनै एक विषयमा आधारभूत सीप विकास तालिममा सहभागी गराइनेछ।

तर माग भएको विषयमा तालिम सञ्चालन गर्न तालिम प्रदायक निकाय उपलब्ध नभएमा वा बीस जना भन्दा कम सङ्ख्यामा मात्र तालिमको माग भएमा सो विषयको तालिम सञ्चालन गरिने छैन र सोको जानकारी सम्बन्धित स्थानीय तह मार्फत आवेदकलाई गराइनेछ।

(२) तालिम सञ्चालन हुने स्थानको छनौंट तालिम माग गरेका लक्षित समूहको बसोवास वा अन्य उपयुक्तताको आधारमा निर्देशक समितिको निर्णय बमोजिम हुनेछ।

(३) सरकारी स्वामित्वका तालिम प्रदायक निकाय छनौंट भएमा त्यस्ता निकायले सञ्चालन गर्ने तालिमको खर्च मन्त्रालयले लागतको एकमुष्ठ रकम निकासा दिनेछ।

तर निजी वा गैरसरकारी संस्था/फर्म/कम्पनी वा व्यक्ति तालिम प्रदायक निकाय छनौंट भएकोमा त्यस्ता निकायलाई रकम भुक्तानी गर्दा कार्यसम्पन्नताका आधारमा गर्नेछ र तालिम प्रदायक निकायले भुक्तानी माग गर्दा देहायका विवरण तथा कागजात पेश गर्नुपर्नेछः-

(क) तालिममा सहभागी भएका लक्षित समूह, तालिम प्रशिक्षक, सहायक प्रशिक्षक, सहयोगी कर्मचारीको दैनिक हाजिरी विवरण,

(ख) तालिमका प्रयोग भएका प्रयोगात्मक क्रियाकलापका लागि प्रयोग भएका सामग्रीका बिल भरपाई,

(ग) तालिमका लागि हल भाडामा लिएको भए सोको सम्झौता पत्र,

(घ) कार्ययोजनामा तोकिएका क्रियाकलापको कार्यसम्पन्नताको प्रमाण,

(ङ) आर्थिक प्रतिवेदन सहितको तालिमको फोटा,

(च) सम्झौतामा भुक्तानी गर्दा पेश गर्ने भनी तोकिएका कागजात,

(छ) अनुगमन समितिको प्रतिवेदन,

(ज) मन्त्रालयले तोकेका अन्य कागजात।

(४) सीप विकास तालिम सम्झौतामा उल्लेख गरिएको अवधिभित्र कार्यसम्पन्न गरी सक्नु पर्नेछ।

तर काबु बाहिरको परिस्थितिको कारण सम्झौतामा उल्लिखित अवधिभित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा सोको आधार र औचित्य उल्लेख गरी म्याद समाप्त हुनुभन्दा कम्तीमा एक्काइस दिन अगाडि म्याद थपको लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ र मन्त्रालयले आवश्यकता तथा औचित्यका आधारमा म्याद थप गर्न सक्नेछ।

(५) तालिम सम्बन्धी खर्च, सहभागी खाजा भत्ता, यातायात खर्च लगायतका अन्य व्यवस्था प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम हुनेछ।

(६) यस कार्यविधि बमोजिम तालिम लिएका लक्षित समूह मात्र अनुदान तथा वस्तुगत सहयोग कार्यक्रममा सहभागी हुन सक्नेछन्।

तर कुनै लक्षित समूह तालिममा सहभागी भएको तर तत्काल स्वरोजगारमूलक उद्यम वा व्यवसायमा सहभागी हुन नचाहेमा वा योजना बनाईसकेको नभएमा अनुदान तथा वस्तुगत सहयोग कार्यक्रममा सहभागी गराइने छैन।

(७) मन्त्रालयले वस्तुगत सहयोगका लागि लक्षित समूह छनौंट गरी अन्तिम सूची तयार गर्नेछ।

(८) उपदफा (७) बमोजिम छनौंट भएका तालिम प्राप्त लक्षित समूहलाई तालिमसँग सम्बन्धित विषयमा पेशा व्यवसाय गर्न आवश्यक पर्ने पुँजी, मेसिनरी औजार, उपकरण, प्रविधि, उत्पादन तथा प्रशोधन सामग्री वा पेशागत सुरक्षाको लागि आवश्यक पर्ने सामग्री खरिद गरेको बिल भरपाईको आधारमा खुद परल मूल्यको आधारमा अनुसूची-१ मा उल्लिखित सीमाभित्र रहने गरी नगद अनुदान वा वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ।

(९) लक्षित समूहले अनुदान तथा वस्तुगत सहयोग प्राप्त गर्न तालिम सम्पन्न पश्चात तालिम प्रदायक निकायको सहयोग र समन्वयमा उद्यम तथा व्यवसायिक कार्य योजना तयार

गरी आफूले खरिद गरेको मेसिनरी औजार, उपकरण, प्रविधि तथा अन्य सामग्रीको सक्कल बिल भरपाई सहित सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न राखी भुक्तानीका लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

(१०) उपदफा (९) बमोजिम पेश हुन आएका कार्ययोजना बमोजिम स्वीकृत भएको अनुदान रकमको सीमाभित्र रही मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय/कार्यालय मार्फत वा उपयुक्त स्थान छनौंट गरी अनुदान तथा वस्तुगत सहयोग वितरण गरिनेछ।

२३. **महिला उद्यमशीलता प्रवर्धन कार्यक्रमः** (१) यस कार्यविधि बमोजिम आय-आर्जन र गरिबी निवारणका लागि महिला उद्यमशीलता प्रवर्धन कार्यक्रम महिलाद्धारा सञ्चालित सहकारी संस्था मार्फत कार्यान्वयन गरिनेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रमको क्रियाकलाप तथा सञ्चालन प्रक्रिया दफा १६ मा तोकिए बमोजिम हुनेछ।

(३) विगत आर्थिक वर्षमा एक स्थानीय तह एक सामुहिक उद्यम कार्यक्रममा सहभागी भएका महिला सहकारी संस्थाहरूले यस दफा बमोजिम कार्यक्रम सञ्चालन गर्न चाहेमा उद्यम विस्तार/स्तरोन्नतिको व्यवसायिक योजना सहित प्रस्ताव पेश गर्न सक्नेछन्।

२४. **गरिबी निवारणका लागि सामूहिक उत्पादनः** (१) गरिबी निवारणका लागि सामूहिक उत्पादन कार्यक्रममा पूर्व जनमुक्ति सेना स्वयम् वा लोकतान्त्रिक जनआन्दोलनका घाइते/अपाङ्ग तथा वेपत्ता परिवारका सदस्य सहभागी हुन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने कार्यक्रममा देहाय कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरिनेछः-

(क) स्थानीय श्रम, कच्चा पदार्थ र प्रविधिमा आधारित वस्तुहरूको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धी कार्यक्रम,

(ख) सामूहिक खेती सम्बन्धी कार्यक्रम,

(ग) साना, घरेलु तथा लघु उद्योगहरू स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने सम्बन्धी कार्यक्रम,

(घ) बीउबिजन उत्पादन, बिक्री वितरण, प्रशोधिकरण तथा प्याकेजिङ्ग गर्ने सम्बन्धी कार्यक्रम,

(ङ) मन्त्रालयले तोकेका अन्य कार्यक्रम।

(३) उपदफा (२) बमोजिमका क्रियाकलाप तथा कार्यक्रम सञ्चालन गर्ने मापदण्ड देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्था मार्फत् सञ्चालन हुने भएमा कम्तीमा तीस जना लक्षित बर्गका सदस्य वा एकाघरका एक सदस्य हुने गरी कम्तीमा ३० जना व्यक्ति सम्मिलित भई गठन भएको वा लक्षित बर्गका कम्तीमा ३० जना सदस्य भएको सहकारी संस्था हुनुपर्ने,

(ख) नेपाल सरकार वा निकायबाट पूर्व जनमुक्ति सेना वा लोकतान्त्रिक जनआन्दोलनका घाइते वा अपाङ्ग तथा वेपत्ता परिवार भएको प्रमाण खुल्ने कागजात भएको,

(ग) सामूहिक खेतीको लागि हिमाल र पहाडको हकमा कम्तीमा पचास रोपनी र तराईको हकमा कम्तीमा पाँच विगा क्षेत्रफलको खेतीयोग्य जमिनको व्यवस्था गरी कम्तीमा पाँच वर्षको भोगाधिकार प्राप्त भएको सम्झौता वा जग्गाको सुनिश्चितता भएको कागजात।

(४) यस दफा बमोजिम प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा कृषिजन्य वस्तु उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

## परिच्छेद-४

## <u>अनुदान प्रदान गर्ने विधि तथा प्रक्रिया</u>

२५.**<u>प्रस्ताव आव्हानको सूचना प्रकाशन गरिने</u>**ः (१) मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सम्बन्धी प्रस्ताव पेश गर्न प्रदेशका कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा पन्ध्र दिनको अवधि दिई अनुसूची-६ बमोजिमको प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले प्रदेश सरकारको वार्षिक कार्यक्रममा नै नाम एकीन भई अनुदान रकम उल्लेख भएका संस्थाहरूले प्राप्त गर्ने अनुदानका लागि सोही संस्थाबाट आयोजनाको प्रस्ताव माग गर्नुपर्नेछ।

२६.**<u>प्रस्ताव पेश गर्नुपर्ने</u>**ः (१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले अनुसूची-८ बमोजिमका कागजात तथा विवरण संलग्न गरी प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्तको अधीनमा रही अनुसूची-७ बमोजिमको व्यवसायिक योजना तयार गरी अनुसूची-९ बमोजिमको ढाँचामा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा खामबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा अनुसूची-१० बमोजिमको प्रतिवद्धता पत्र समेत पेश गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावको निकाय/कार्यालयले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नं उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

२७.**<u>प्रस्तावको प्रारम्भिक मूल्याङ्कन</u>**ः (१) मूल्याङ्कन समितिले सहकारी संस्थाबाट प्राप्त प्रस्तावको प्रारम्भिक छनौटका लागि मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक मूल्याङ्कन गर्दा आवश्यकतानुसार स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम स्थलगत प्रमाणीकरण गर्दा प्रस्ताव साथ पेश गरिएका विवरण झुठो ठहरिए वा क्रियाकलाप सञ्चालन गर्ने प्रस्तावित स्थल भौगोलिक तथा प्राविधिक दृष्टिकोणले अनुपयुक्त ठहरिएमा वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको एकीन भएमा त्यस्ता प्रस्ताव स्वतः रद्द हुनेछ।

२८. **<u>प्रस्तावको मूल्याङ्कनः</u>** (१) मुल्याङ्कन समितिले मन्त्रालय वा मन्त्रालयले तोकेको निकायमा दर्ता भएका प्रस्तावहरू मन्त्रालयमा प्राप्त भए पछि प्रस्तावको मूल्याङ्कन गरी निर्देशक समिति समक्ष सिफारिस गर्नेछ।

(२) मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरूको अनुसूची-११ बमोजिम प्रारम्भिक छानविन गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिले वार्षिक बजेटमा छुट्टयाएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची-१२ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नुपर्नेछ।

(४) मूल्याङ्कन समितिले आयोजना प्रस्तावको मूल्याङ्कन गर्दा सदस्य केन्द्रीयता, क्षमता उपभोग, संस्थाको स्रोत योगदान लगायतका पक्षमा शर्तहरू पूरा भएका प्रस्तावहरूको स्वीकृतिका लागि निर्देशक समिति समक्ष सिफारिस गर्नुपर्नेछ।

(५) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कनको क्रममा प्रस्तावदाताले पेश गरेको कुनै आयोजना तथा कार्यक्रमको स्थलगत निरीक्षण गर्न आवश्यक ठानेमा निरीक्षण गर्न सक्नेछ।

(६) मन्त्रालयले मूल्याङ्कन समिति समक्ष मूल्याङ्कनका लागि पेश गरेका प्रस्तावको समितिमा प्राप्त भएको मितिले एक्काइस दिनभित्र मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(७) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित मूल्याङ्कनका सूचकको अतिरिक्त प्रचलित कानून तथा निर्देशक समितिबाट स्वीकृत सूचक तथा मापदण्डको प्रयोग गर्न सक्नेछ।

२९. **<u>प्रस्तावको स्वीकृतिः</u>** (१) निर्देशक समितिले मूल्याङ्कन समितिले सिफारिस सहित पेश गरेका प्रस्तावहरूको अध्ययन गरी स्वीकृति गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृतिको लागि प्राप्त प्रस्ताव निर्देशक समितिले प्रक्रियागत त्रुटी वा अन्य कुनै कैफियत देखिएकोमा वा यस कार्यविधि बमोजिम नभएमा पुनःमूल्याङ्कन वा स्थलगत निरीक्षणका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ।

३०. **<u>आसयको सूचना प्रकाशन गरिनेः</u>** (१) मन्त्रालयले निर्देशक समितिले अनुदानका लागि प्रस्ताव स्वीकृत गरेका सम्भाव्य अनुदानग्राहीको सूची प्रदेशको राष्ट्रिय दैनिक पत्रिकामा सात दिनको आसयको सूचना प्रकाशन गर्नेछ र त्यस्तो सूचना मन्त्रालयको वेबसाइटमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र कुनै अनुदानग्राही अनुदान प्राप्त गर्न योग्य नभएको वा आफू अनुदान प्राप्त गर्न योग्य रहेको भन्ने समेतका औचित्य पुष्टि हुने दावी सहितका प्रमाण मन्त्रालयमा पेश गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम उजुरी परेमा उजुरी सम्बन्धी आवश्यक कारवाही र निकासा निर्देशक समितिले गर्नेछ।

३१. **<u>सम्झौता सम्बन्धी व्यवस्थाः</u>** (१) दफा ३० बमोजिम आसयको सूचना बमोजिम कुनै दावी विरोध नपरेका अनुदानग्राहीलाई मन्त्रालयले सात दिनको समयावधि दिई सम्झौता गर्नका लागि सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समयाविधिभित्र अनुदानग्राहीसँग मन्त्रालयले अनुसूची-१३ बमोजिम सम्झौता गर्नुपर्नेछ र मन्त्रालयले कार्यक्रमको प्रकृतिको आधारमा सम्झौताका शर्तहरू थपघट र हेरफेर गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने अनुदानग्राहीसँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर काबु बाहिरको कुनै विशेष अवस्था परी उक्त म्याद भित्र सम्झौता गर्न आउन नसकेको भनी प्रमाण पेश गरेमा म्याद नाघेको सात दिनभित्र सम्झौता गर्न बाधा पर्ने छैन।

३२. **<u>कार्य प्रारम्भ गर्नुपर्नेः</u>** (१) दफा ३१ बमोजिम सम्झौता गरेको पन्ध्र दिनभित्र सम्बन्धित अनुदानग्राहीले सम्झौता बमोजिमको कार्य प्रारम्भ गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य प्रारम्भ भएपछि सोको जानकारी मन्त्रालयलाई दिनुपर्नेछ।

## परिच्छेद-५

## <u>समिति सम्बन्धी व्यवस्था</u>

३३. **<u>मूल्याङ्कन समितिः</u>** (१) प्रस्तावहरूको मूल्याङ्कन गरी निर्देशक समिति समक्ष सिफारिस गर्न मन्त्रालयमा देहायको मूल्याङ्कन समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | संयोजक |
| (ख) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (ग) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (घ) | अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | सहकारी हेर्ने अधिकृत, मन्त्रालय | सदस्य-सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस कार्यविधिमा अन्यत्र मूल्याङ्कन समितिले गर्ने भनी तोकेका काम, कर्तव्य र अधिकारका अतिरिक्त मूल्याङ्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव मूल्याङ्कनका आधारहरू थप/घट गर्नुपर्ने भएमा निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गराउने,

(ख) प्रस्तावहरूको प्रारम्भिक मूल्याङ्कन गर्ने,

(ग) प्रस्तावहरूको मूल्याङ्कन तथा विश्लेषण गरी छनौट तथा स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(घ) मूल्याङ्कन गर्दा मापदण्ड निर्धारण गर्ने,

(ङ) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने गराउने।

(४) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा यस कार्यविधिका उल्लिखित मापदण्डका अतिरिक्त प्रचलित कानूनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्नेछ।

३४.**<u>निर्देशक समितिः</u>** (१) यस कार्यविधि बमोजिम सञ्चालन तथा कार्यान्वयन गरिने कार्यक्रम सम्बन्धमा आवश्यक नीतिगत निर्णय तथा प्रस्ताव स्वीकृत गर्नको लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) | राज्यमन्त्री, मन्त्रालय | सह-अध्यक्ष |
| (ग) | सचिव, मन्त्रालय | सदस्य |
| (घ) | सचिव, कार्यक्रमसँग सम्बन्धित (कृषि/उद्योग/वन/) विषय हेर्ने प्रदेश मन्त्रालयहरू | सदस्य |
| (ङ) | प्रदेश सहकारी विकास वोर्डका कार्यकारी उपाध्यक्ष | सदस्य |
| (च) | अध्यक्षले तोकेको एक जना विषय विज्ञ | सदस्य |
| (छ) | प्रमुख, सहकारी विकास,महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) यस कार्यविधिमा अन्यत्र निर्देशक समितिले गर्ने भनी तोकेका काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनका सन्दर्भमा आवश्यक नीतिगत निर्णय तथा आवश्यक निर्देशन गर्ने,

(ख) मूल्याङ्कन समितिबाट सिफारिस भई आएका प्रस्तावहरू स्वीकृत गर्ने,

(ग) मूल्याङ्कन समितिबाट पेश भएका मूल्याङ्कनका आधार तथा मापदण्डहरू स्वीकृत गर्ने,

(घ) कार्यविधिका सन्दर्भमा बाधा अड्काउ फुकाउन मन्त्रालयमा सिफारिस गर्ने।

(३) निर्देशक समितिले सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) अध्यक्षको अनुपस्थितिमा सह-अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(५) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३५. <u>सुपरिवेक्षण तथा अनुगमन समितिः</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमको अनुगमन र सुपरिवेक्षण गर्न तथा भुक्तानीको लागि मन्त्रालयमा सिफारिस पेश गर्न देहाय बमोजिमको सुपरिवेक्षण समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | राज्य मन्त्री, मन्त्रालय | संयोजक |
| (ख) | सचिव, मन्त्रालय | सदस्य |
| (ग) | प्रदेश सहकारी विकास वोर्डका कार्यकारी उपाध्यक्ष/सदस्य | सदस्य |
| (घ) | योजना तथा अनुगमन हेर्ने महाशाखा प्रमुख, मन्त्रालय | सदस्य सचिव |

(२) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनाको नियमित अनुगमन गरी भुक्तानीको लागि सिफारिस सहितको प्रतिवेदन उपदफा (१) बमोजिमको सुपरिवेक्षण समितिमा पेश गर्न देहाय बमोजिमको अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको कर्मचारी वा पदाधिकारी | संयोजक |
| (ख) | प्रदेश सरकारका आयोजना तथा कार्यक्रमसँग सम्बन्धित जिल्लास्थित कार्यालयका प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (घ) | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) | सम्बन्धित महाशाखाको अधिकृत कर्मचारी | सदस्य |

(३) उपदफा (१) र (२) बमोजिमको समितिको अतिरिक्त निर्देशक समिति, मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले जुनसुकै बखत अनुगमन गर्न सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम अनुगमन गर्दा स्वीकृत लागत अनुमान, ड्रइङ डिजायन र स्पेशिफिकेशन लगायतका आयोजनाको गुणस्तर तथा वित्तीय पारदर्शिता र प्रभावकारीता समेतलाई ध्यान दिनु पर्नेछ।

## परिच्छेद-६

## <u>अनुदान भुक्तानी तथा नियमन</u>

३६. <u>अनुदान रकम भुक्तानीः</u> (१) मन्त्रालयले स्वीकृत अनुदानको रकम बढिमा तीन किस्तामा प्रदान गर्न सक्नेछ।

(२) मन्त्रालयले सम्झौता पश्चात आयोजना सञ्चालनको लागि स्वीकृत लागत अनुमान, ड्रइङ, डिजायन र स्पेशिफिकेशन लगायतका आधारमा पहिलो किस्ता वापत सम्झौता रकमको बीस प्रतिशतसम्म अनुदान भुक्तानी गर्नेछ।

(३) अनुदानग्राहीले बाँकी किस्ता वापतको रकम मन्त्रालय समक्ष माग गर्दा अघिल्ला किस्ता वापतको रकम खर्च भएको प्रमाण पेश गर्नुपर्नेछ र दोस्रो किस्ता वापत चालीस प्रतिशतसम्म र अन्तिम किस्ता वापत चालीस प्रतिशतसम्म रकम भुक्तानी गरिनेछ।

तर आयोजनाको कुल लागत दश लाखसम्म रहेको वा मन्त्रालयले पाँच लाख रूपैयाँसम्म अनुदान प्रदान गर्न सक्ने आयोजनाको हकमा कार्यसम्पन्न भए पश्चात एकमुष्ट रूपमा भुक्तानी गर्न सक्नेछ।

(४) अनुदानग्राहीले आयोजनाको कार्य प्रकृतिको आधारमा भुक्तानी माग गर्दा देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछः-

(क) परियोजना तथा कार्यक्रममा भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरेकोमा सोको स्वीकृत नक्सा, ड्रइन, डिजाइन, लागत अनुमानका आधारमा सम्बन्धित प्राविधिकको कार्यसम्पन्नता तथा जाँचपास प्रतिवेदन र सक्कल बिल भरपाईहरू,

(ख) परियोजना तथा कार्यक्रमका लागि खरिद गरिएका मेसिनरी उपकरण तथा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँचपास प्रतिवेदन तथा सक्कल बिल भरपाईहरू,

(ग) परियोजना तथा कार्यक्रमको भौतिक पूर्वाधार निर्माण भएको संरचना, मेसिनरी उपकरण तथा प्रविधिको फोटाहरू,

(घ) परियोजना तथा कार्यक्रम कार्यान्वयनबाट प्राप्त आर्थिक तथा वित्तीय कारोवारको विवरण,

(ङ) संस्थाको सञ्चालक समितिले भुक्तानी माग गर्ने निवेदन, सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस,

(च) परियोजना तथा कार्यक्रममा व्यवसायिक कार्ययोजना बमोजिम आफैले लगानी गर्ने रकम लगानी गरिसकेको प्रमाण कागजात,

(छ) अनुसूची-१४ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन,

(ज) अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा सार्वजनिक सुनुवाई गरेको प्रमाण कागजात,

(झ) सम्झौतामा तोकिएका कागजात,

(ञ) मन्त्रालय तथा प्रचलित कानूनले तोकेका अन्य कागजातहरू।

(५) मन्त्रालयले अनुगमन समितिको प्रतिवेदनका आधारमा दोस्रो तथा अन्तिम किस्ता वापतको अनुदान रकम भुक्तानी गर्नुपर्नेछ।

(६) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कन्टिन्जेन्सी तथा कर कट्टि हुने भएमा उक्त रकम कट्टि गरी भुक्तानी गर्नेछ।

(७) मन्त्रालयले उपदफा (४) बमोजिम पेश भएका कागजातमध्ये खर्च भएको रकम प्रमाण कागजात बमोजिम अनुदानको सीमाभित्र रही भुक्तानी गर्नेछ।

(८) अनुदानग्राहीले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्व तयारी पूरा गर्नु पर्नेमा त्यस्तो पूर्व तयारी पूरा नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन।

**स्पष्टीकरणः** यस उपदफाको प्रयोजनको लागि "पूर्व तयारी" भन्नाले आयोजना निर्माण तथा मालसमान खरिद लगायतका प्रक्रिया पूरा गरेको सम्झनु पर्छ।

३७. **अनुदानको सदुपयोग गर्नुपर्नेः** (१) अनुदानग्राहीले मन्त्रालयबाट प्राप्त अनुदान रकम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र उपयोग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आम्दानी बाँधिएको अनुदान रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नुपर्नेछ।

३८. **सम्भाव्यता/रुची र प्रभाव मूल्याङ्कन गर्नुपर्नेः** यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको कार्यान्वयन सम्बन्धमा मन्त्रालयले सम्झौता हुनु अगावै सम्भाव्यता तथा रुची र कार्यसम्पन्न भए पश्चात नतिजा/उपलब्धी, गुणस्तरका साथै प्रभावकारिता मूल्याङ्कन गर्न सक्नेछ र मूल्याङ्कनबाट प्राप्त निश्कर्ष अनुदान सम्बन्धी नीति निर्माण गर्दा पृष्ठपोषणको रूपमा ग्रहण गर्न सकिनेछ।

३९. **प्रतिवेदन दिनुपर्नेः** (१) अनुदानग्राहीले यस कार्यविधि बमोजिम प्राप्त गरेको अनुदानबाट सम्पन्न गरेका कार्य प्रगति तथा लाभ-लागत सहितको विवरण देहायको अवधिभित्र मन्त्रालयमा पेश गर्नुपर्नेछः–

(क) प्राविधिक नाप जाँचपास सहितको रनिङ्ग बिल पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अघि (निर्माण कार्यको हकमा),

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र,

(ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तरिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र।

(२) उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको कार्य नगरेमा संस्थालाई आगामी वर्षको अनुदान कार्यक्रममा समावेश गरिने छैन।

४०. **अनुदान रोक्का तथा असुल उपर गर्न सक्नेः** (१) अनुदानग्राहीले सम्झौता बमोजिमको अवधिभित्र उल्लिखित आयोजना सञ्चालन नगरेमा वा सम्झौताका शर्तहरूको पालना नगरेमा, अनुगमन समितिले दिएको निर्देशनको पालना नगरेमा, अनुदानको रकम सम्बन्धित क्षेत्रमा उपयोग नगरेमा, तोकिएको अवधिभित्र सुधार नगरेमा, अनुदानको रकम दुरुपयोग हुने सम्भावना देखिएमा मन्त्रालयले सबै वा बाँकी अनुदानको रकम रोक्का राख्न सक्नेछ।

(२) अनुदानग्राहीले अनुदानको रकम दुरुपयोग गरेमा सञ्चालक समिति वा सहकारीसँग सम्बन्धित कर्मचारीको चल अचल सम्पत्तिबाट मन्त्रालयले प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह मानी असुल उपर गरी कारबाही गर्नेछ।

(३) मन्त्रालयले यस दफा बमोजिम अनुदान रोक्का राख्दा, असुल उपर गर्दा वा कारबाही प्रस्ताव गर्दा सम्बन्धित अनुदानग्राहीलाई सफाई पेश गर्ने मनासिव मौका दिन सक्नेछ।

४१. **<u>अनुदानको लेखापरीक्षण:</u>** (१) अनुदानग्राहीले यस कार्यविधि बमोजिम प्राप्त अनुदान रकमको प्रचलित कानून बमोजिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउँदा मन्त्रालयबाट प्राप्त अनुदान रकमको स्रेस्ता तथा बिल भरपाईहरू तथा आय-व्ययको हिसाव अलग्गै रूपमा खुलेको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले तीस दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

## परिच्छेद–७

## <u>विविध</u>

४२. **<u>संस्था/संघको जग्गा व्यवस्थापन:</u>** यस कार्यविधि बमोजिमका कार्यक्रममा आधारित आयोजना सञ्चालन गर्ने संस्था/संघले भौतिक पूर्वाधार निर्माणको कार्य गर्नुपर्ने भएमा आफ्नै स्वामित्वमा रहेको वा सरकारी स्वामित्वमा रही त्यस्ता सरकारी निकायबाट कम्तीमा दश वर्षको लागि भोगाधिकार प्राप्त गरेको जग्गामा मात्र निर्माण कार्य गर्नुपर्नेछ।

४३. **<u>खरिद सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्ने:</u>** यस कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको पालना गर्नुपर्नेछ।

४४. **<u>साधारण सभालाई जानकारी गराउनु पर्ने:</u>** यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभालाई सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ।

४५. **<u>विवरण सार्वजनिक गर्नुपर्ने:</u>** (१) अनुदानग्राहीले मन्त्रालयबाट प्राप्त गरेको अनुदानको प्रयोजन समेत खुल्ने विवरण आयोजना स्थलमा अनुसुची-१५ बमोजिमको सूचना पाटी राख्ने र आम्दानी तथा खर्चको विवरण संस्थाको कार्यालयमा स्पष्ट देखिने र पढ्न सक्ने गरी सार्वजनिक गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाका क्रियाकलाप, मन्त्रालय र अनुदानग्राहीको लागत सहभागिताको योगदान तथा अद्यावधिक खर्चका विवरणहरू समेत खुलाई राख्नु पर्नेछ।

(३) आयोजनाका लागि नेपाल सरकार, स्थानीय तह वा अन्य निकायबाट समेत अनुदान सहयोग प्राप्त भएको भए सोको हिस्ता तथा विवरण समेत योगदान खुलाउनु पर्नेछ।

४६. **कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च:** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरीवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरूका बैठक भत्ता वापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

४७. **प्रतिवेदन प्रकाशन गर्नुपर्ने:** मन्त्रालयले यस कार्यविधि बमोजिम अनुदानग्राहीलाई प्रदान गरिएको अनुदानको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ।

४८. **बाधा अड्काउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ आई परेमा मन्त्रालयले निर्देशक समितिको सिफारिसमा आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ।

४९. **अनुसूचीमा हेरफेर:** यस कार्यविधिमा उल्लेख भएका अनुसूचीहरू मध्ये अनुसूची-१ बाहेकका अन्य अनुसूचीहरू मन्त्रालयले आवश्यकताको आधारमा थपघट र हेरफेर गर्न सक्नेछ।

५०. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा समेटिएका विषयको हकमा यसै कार्यविधि बमोजिम र नसमेटिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

५१. **मापदण्ड बनाउन सक्ने:** मन्त्रालयले वार्षिक विकास कार्यक्रमको कार्यान्वयन गर्न यस कार्यविधि बमोजिम आवश्यकतानुसार मापदण्ड बनाई कार्यान्वयन गर्न सक्नेछ।

५२. **खारेजी र बचाउ:** (१) प्रदेश सरकारबाट स्वीकृत देहायका कार्यविधिहरू खारेज गरिएको छः-

(क) सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७८,

(ख) एक स्थानीय तह एक सामूहिक उद्यम सञ्चालन कार्यविधि, २०७८,

(ग) सहकारी बजार स्थापना तथा सञ्चालन कार्यविधि, २०७८,

(घ) सहकारीका माध्ययमबाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८,

(ङ) सहकारीमा आधारित नमूना गाउँको स्थापना र सञ्चालन कार्यविधि, २०७८,

(च) सुपथ मुल्य पसल स्थापना तथा सञ्चालन कार्यविधि, २०७८ र

(छ) लक्षित समूह/समुदायमा रहेका गरिब नागरिकहरूका लागि सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८।

(२) उपदफा (१) बमोजिमका कार्यविधिहरू बमोजिम भए गरेका कामकारवाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

## अनुसूची-१

### (दफा ५,८,१२ र २२ सँग सम्बन्धित)

### अनुदान सीमा तथा मापदण्ड (दफा ८ मा उल्लिखित व्यवस्था बाहेकको हकमा)

| क्र. सं. | कार्यक्रमको नाम | अनुदान प्रदान गरिने प्रतिशत/सीमा | खर्च गर्न पाइने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | सुलभ मूल्य पसल सञ्चालन | कुल लागतको ५० प्रतिशत वा बढिमा ८ लाखसम्म | • चामल, दाल, नुन, चिनी, गहुँ र तेलजन्य खाद्य पदार्थको खरिद<br>• पसलसँग सम्बन्धित उपकरण र फर्निचर खरिद तथा निर्माण | बिउपुँजीको रूपमा उपलब्ध गराइने |
| २ | सहकारी संस्थालाई प्रविधि र पूर्वाधार निर्माणमा सहयोग | कुल लागतको ५० प्रतिशत वा बढिमा ५ लाखसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण खरिद | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |
| ३ | महिला सहकारी संस्थालाई आवश्यकताको आधारमा आइ.टि.उपकरणमा सहयोग | कुल लागतको ६० प्रतिशत वा बढिमा १ लाखसम्म | • कम्प्युटर/ल्यापटप, प्रिन्टर खरिद | कार्यालय प्रयोजनको लागि मात्र |
| ४ | प्रादेशिक रूपमा दूधको UHT उद्योग स्थापना | कुल लागतको ५० प्रतिशतसम्म वा बढिमा २ करोडसम्म (१० बर्ष पछि किस्ताबन्दीमा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने) | • उपकरण तथा प्रविधि खरिद | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |
| ५ | एक स्थानीय तह एक सामुहिक उद्यम कार्यक्रम | कुल लागतको ५० प्रतिशतसम्म वा बढिमा १५ लाखसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद<br>• उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सीप विकास, लघुवित्तमा पहुँच, | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |

| | | | | |
|---|---|---|---|---|
| | | | बजारीकरण तथा व्यवसाय परामर्श (आन्तरिक लगानीको पचास प्रतिशत नवढ्ने गरी) | |
| ६ | महिला उद्यमशीलता प्रवर्धन कार्यक्रम | कुल लागतको ६० प्रतिशतसम्म वा बढिमा १० लाखसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद<br>• उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सीप विकास, लघुवित्तमा पहुँच, बजारीकरण तथा व्यवसाय परामर्श (आन्तरिक लगानीको पचास प्रतिशत नवढ्ने गरी) | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |
| ७ | सामुहिक उत्पादन कार्यक्रम | कुल लागतको ६० प्रतिशतसम्म वा बढिमा ५० लाखसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद<br>• बिउ तथा मल खरिद<br>• उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सीप विकास, लघुवित्तमा पहुँच, बजारीकरण तथा व्यवसाय परामर्श (आन्तरिक लगानीको पचास प्रतिशत नवढ्ने गरी) | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |
| ८ | सहकारी बजार स्थापना तथा सञ्चालन कार्यक्रम | कुल लागतको ५० प्रतिशतसम्म वा सहकारी थोक बजारको हकमा बढिमा ३० लाखसम्म र अन्यको हकमा बढिमा १० लाखसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |
| ९ | सहकारी मार्फत एकीकृत नमूना गाउँ स्थापना | कुल लागतको ५० प्रतिशतसम्म वा बढिमा ३० | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद | उत्पादन, भण्डारण र बजारीकरणसँग |

| | | | | |
|---|---|---|---|---|
| | कार्यक्रम | लाखसम्म | | सम्बन्धित मात्र |
| १० | नवीनतम सोंच सहितको उत्पादन र रोजगार कार्यक्रम | कुल लागतको ५० प्रतिशतसम्म वा बढिमा ८ लाखसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद<br>• उद्यम विकासका लागि सामाजिक परिचालन, उद्यमशीलता विकास, प्राविधिक सीप विकास, लघुवित्तमा पहुँच, बजारीकरण तथा व्यवसाय परामर्श (आन्तरिक लगानीको पचास प्रतिशत नबढ्ने गरी) | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |
| ११ | लक्षित सीप विकास तालिमका सहभागीलाई वस्तुगत सहयोग कार्यक्रम | कुल लागतको ८० प्रतिशतसम्म वा बढिमा ३० हजारसम्म | • उपकरण/प्रविधि खरिद | सीपमा आधारित व्यवसायको हकमा मात्र |
| १२ | वार्षिक कार्यक्रममा बजेट र नाम तोकिएका सहकारी संस्था | कुल लागतको ५० प्रतिशतसम्म वा वार्षिक बजेटमा तोकिएको सीमा रकमसम्म | • भौतिक पूर्वाधार निर्माण<br>• उपकरण/प्रविधि खरिद<br>तर वार्षिक कार्यक्रममा उद्देश्य तोकिएका कार्यक्रमको हकमा बिउपुँजीको रूपमा अनुदान उपलब्ध गराइने। | उत्पादन, भण्डारण र बजारीकरणसँग सम्बन्धित मात्र |

नोट:

- दफा ८ को खण्ड (क) (अनुसूची-२) बमोजिमका पिछडिएको क्षेत्रको हकमा आयोजना लागतको साठी प्रतिशतसम्म,
- दफा ८ को खण्ड (ख) बमोजिमको बहुबहिष्करणको हकमा आयोजना लागतको सत्तरी प्रतिशतसम्म,
- दफा ८ को खण्ड (ख) बमोजिमका समुदायबाट मात्र सञ्चालित संस्थाको हकमा आयोजना लागतको साठी प्रतिशतसम्म,
- दफा ८ को खण्ड (ग) बमोजिमको हकमा आयोजना लागतको पचास प्रतिशतसम्म र
- वस्तुगत सहयोगको हकमा खरिद मुल्यको असी प्रतिशतसम्म अनुदान प्रदान गर्न सकिनेछ।

## अनुसूची-२

**(दफा ८ र २० सँग सम्बन्धित)**

**प्रदेशका पिछडिएका क्षेत्रको सूची**

| क्र.सं. | जिल्ला | स्थानीय तह/क्षेत्र |
|---|---|---|
| १. | रुकुम (पूर्वी भाग) | पुथा उत्तरगंगा गाउँपालिका भुमे गाउँपालिका सिस्ने गाउँपालिकाको वडा नं १ र २ |
| २. | रोल्पा | थवाङ गाउँपालिका र सुनछहारी गाउँपालिका |
| ३. | प्युठान | नौबहिनी गाउँपालिका र गौमुखी गाउँपालिका |
| ४. | नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | सुस्ता गाउँपालिकाको नारायणी नदी पारिको सुस्ता क्षेत्र |

# अनुसूची-३

## (दफा २१ को उपदफा (२) सँग सम्बन्धित)

## लक्षित समूहले सीप विकास तालिम तथा वस्तुगत सहयोगका लागि स्थानीय तहमा पेश गर्ने फारामको ढाँचा

फोटो

श्रीमान प्रमुख/अध्यक्षज्यू,

................................... नगरपालिका/गाउँपालिका

...................................

**बिषयः**-लक्षित समूह/समुदायमा आधारित सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रम सिफारिस गरी पाउँ।

महोदय,

उपरोक्त विषयमा म यस .......जिल्ला....................गा.पा./न.पा. वडा नं......... मा बस्ने श्री ............................... लुम्बिनी प्रदेश सरकारको ..................मन्त्रालयबाट सञ्चालन हुने लक्षित समूह/समुदायमा रहेका गरिब नागरिकहरूका लागि सीप विकास तालिम तथा वस्तुगत अनुदान सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा तपसिल अनुसारको विवरण सहित उक्त तालिममा सिफारिस गरी दिनुहुन अनुरोध गर्दछु।

सहभागी हुन प्रस्ताव गरेको तालिमको नाम: (प्राथमिकता अनुसार तीन वटासम्म रोज्न सकिने)

(१) ...................................

(२) ....................................

(३) ....................................

**क) व्यक्तिगत तथा पारीवारिक विवरणः**

१. नाम थर:

२. उमेर:

३. लिङ्ग

४. जन्म मिति:

५. नागरिकता नं:

६. शैक्षिक योग्यता:

७. वैवाहिक अवस्था:

८. पति/पत्नीको नाम थर:

९. बाबु/आमाको नाम थर:

१०. सम्पर्क मोवाईल नं:

११. स्थायी ठेगाना :

जिल्लाः

गा.पा./न.पा.

वडा नं.

टोलः

१२. परिवारमा जम्मा सदस्य सङ्ख्याः

०-१४ वर्षसम्मको सङ्ख्या ........ १५-५९ वर्षसम्मको सङ्ख्या .........

६० वर्ष माथिको सङ्ख्या ...... अपाङ्गगता भएको सङ्ख्या ...........

**ख) परिवारको आर्थिक अवस्थाः**

१. परिवारको स्वामित्वमा जग्गाः छ/छैन

२. जग्गा भएमा जग्गाको क्षेत्रफलः ................रोपनी/कठ्ठा

३. परिवारको स्वामित्वमा रहेको जग्गाको अनुमानित मूल्यः रू......................... (प्रचलित बजार मूल्य अनुसार)।

४. आफूले गरेको कृषि तथा पशुपछींजन्य उत्पादन तथा बिक्रीबाट वर्षभरी खानः ................. पुग्दछ/पुग्दैन।

५. पुग्दैन भने कति महिना पुग्दछः.............. महिना पुग्दछ।

६. परिवारका कुनै सदस्य वैदेशिक रोजगारीमाः छ/छैन

७. वैदेशिक रोजगारीमा भएमाः ................ जना र मासिक आम्दानी ............... रूपैयाँ

८. परिवारका सदस्यहरू. अन्य रोजगारीमाः छन/छैनन्

९. रोजगारीमा भएमाः .............. पेशामा छन् र मासिक आम्दानी ............... रूपैयाँ

१०. घरको किसिमः पक्की (आर.सी.सी)/ कच्ची ( माटो, ढुङ्गगा, टायल, जस्ता )/ झुपडी (खर, छवाली)

११. परिवारले कुनै ऋण लिएकोः छ/छैन

१२. ऋण लिएको भए कति लिएकोः रू..............

१३. कुन उद्देश्यका लागि लिएकोः ....................

**ग) यस अघि कुनै तालीम प्राप्त गरेको भए सो को विवरणः**

१. तालिमको नामः

२. तालिमको अवधिः

३. तालिम दिने संस्थाको नामः

**घ) अनुदान माग गर्नुका कारणः**

१. हालको पेशा तथा भावी योजना :

| क्र.स. | हाल गरिरहेका क्रियाकलाप | परिणाम | अनुदानबाट थप गर्ने | परिणाम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | क्रियाकलाप | |
| | | | | |
| | | | | |
| | | | | |

२. स्थानीय तह/प्रदेश/नेपाल सरकारबाट विगत २ वर्ष भित्र कुनै सुविधा पाएको/नपाएको

पाएको भए :

| क.स. | कार्यक्रमको विवरण | अनुदान प्राप्त गरेको निकाय | प्राप्त रकम रू. प्राप्त गरेको वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

माथि उल्लेख गरेका विवरण साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला।

..............................................

सही छाप

निवेदकको हस्ताक्षर

मिति:

| बायाँ | दायाँ |
|---|---|
| | |

**नोटः** माथि उल्लेखित विवरणका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र तालीम प्राप्त गरेको भए प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**अनुसूची-४**

(दफा २१ को उपदफा (४) सँग सम्बन्धित)

**स्थानीय तहले सीप विकास तालिम तथा अनुदान सहयोगका लागि लक्षित समूह सिफारिस गर्ने ढाँचा**

श्री ...................... मन्त्रालय

..............................नेपाल।

तहाँ मन्त्रालयको मिति ....................... मा प्रकाशित सूचना अनुसार लक्षित समूह/समुदायमा रहेका गरिब नागरिकहरूका लागि सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रमका लागि यस ....................... न.पा./गा.पा.मा पर्न आएका निवेदनहरू मध्ये प्राथमिकताक्रम अनुसार ................ जना मुख्य उम्मेदवार तथा ................. जना वैकल्पिक उम्मेदवारको सूची तयार गरी निजहरूको सक्कल निवेदन समेत यसै साथ संलग्न राखी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपसिल

| सि नं | नाम थर | ठेगाना वडा र टोल समेत खुल्ने गरी | कैफियत |
|---|---|---|---|
| १ | | | मुख्य उम्मेदवार |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| | | | |
| | | | वैकल्पिक उम्मेदवार |

हस्ताक्षरः .................................................

नाम, थरः .................................................

पदः .................................................

कार्यालय/निकायः .................................................

कार्यालय/निकायको छापः .................................................

## अनुसूची-५

### (दफा २२ को उपदफा (१) सँग सम्वन्धित)

### आधारभूत सीप विकास तालिमहरू

| सि.नं. | सीप बिकासका क्षेत्रहरू. | कैफियत |
|---|---|---|
| १ | सिकर्मी तथा फर्निचर सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| २ | डकर्मी तथा रङ्गरोगन सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ३ | प्लम्बर तथा हाउस वायरिङ्ग सम्बन्धी तालिम | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ४ | कपाल काट्ने तालिम | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ५ | कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालिम | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ६ | कुखुरा/हाँसपालन | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ७ | एसी तथा फ्रिज जडान तथा मर्मत | तालिम पश्चात व्यवसाय सुरू गर्न आवश्यक वस्तुगत सहयोग समेत |

नोट: मन्त्रालयले सूचना प्रकाशन गर्दा आवश्यकताको आधारमा अन्य तालिमका क्षेत्रहरु समेत समावेश गरी सूचना प्रकाशन गर्न सक्नेछ।

## अनुसूची-६

**(दफा २५ सँग सम्बन्धित )**

**<u>प्रस्ताव आव्हानको सूचना</u>**

**प्रथम पटक प्रकाशन भएको मितिः**

यस............ मन्त्रालयको आ.व. ....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार लुम्बिनी प्रदेश अन्तर्गतका ............जिल्लामा रहेका सहकारी संस्थालाई कार्यविधिको ...... बमोजिमका आयोजना तथा कार्यक्रमका क्षेत्रमा काम गर्न इच्छुक सहकारी संस्थाहरूबाट रोजगारी तथा उत्पादन प्रस्तावमा आधारित.................. सञ्चालन गर्न यो सूचना प्रकाशित भएको मितिले....... (...) दिनभित्र यस मन्त्रालय वा मन्त्रालयले तोकेको..................... कार्यालय/निकायमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np)बाट प्राप्त गर्न सकिनेछ।

**<u>नोटः</u>** कार्यक्रमको प्रकृतिका आधारमा सूचनाका शर्तहरू मन्त्रालयले हेरफेर गर्न सक्नेछ।

### अनुसूची-७

### (दफा २६ सँग सम्बन्धित)

### आयोजना प्रस्तावको ढाँचा (व्यवसायिक योजना)

**१. संघ/संस्थाको विवरणः**

नामः

ठेगाना :

जिल्लाः

गा.पा/न.पा.:

वडा नं. :

गाउँ/टोलः

दर्ता नं र मिति :

**२. प्रस्तावित आयोजनाको विवरणः**

नामः — आयोजनास्थलः

प्रदेशः — जिल्लाः

गा.पा./न.पा. — वडा नं.:

गाउँ/टोल :

**३. आयोजनास्थल अनुसूची-२ बमोजिमको क्षेत्रमा : पर्ने ☐ नपर्ने ☐**

**४. आयोजना प्रारम्भ हुने मितिः**

**५. आयोजना सम्पन्न हुने मितिः**

**६. प्रस्तावित आयोजनाको कुल लागतः रू. ....................................**

६.१ पुँजीको आवश्यकता र स्रोत व्यवस्था:

| प्रयोजन | रू. | जम्मा स्थिर पुँजीको प्रतिशत | स्रोतको अनुमान | रू. | स्थिर पुँजी तर्फ स्रोत प्रतिशत |
|---|---|---|---|---|---|
| (क) स्थिर पुँजीतर्फ | | | | | |
| मेसिनरी उपकरण | | | सहकारी संस्था | | |
| जग्गा | | | स्थानीय सरकार | | |
| भवन, टहरा | | | प्रदेश सरकार | | |
| ढुवानीका साधन | | | प्रदेश सरकार | | |
| अन्य (खुलाउने) | | | अन्य (खुलाउने) | | |
| जम्मा स्थिर पुँजी आवश्यकता (क) | | | स्थिर पुँजी तर्फ स्रोत(क) | | |
| (ख) कार्यशिल पुँजी तर्फ | | जम्मा कार्यशिल प्रतिशत | स्रोत | रू. | जम्मा कार्यशिल प्रतिशत |
| कार्यशिल पुँजी | | | सहकारी संस्था | | |
| | | | राष्ट्रिय सहकारी बैंक | | |
| | | | अन्य (खुलाउने) | | |
| जम्मा कार्यशिल पुँजी आवश्यकता (ख) | | | कार्यशिल पुँजी तर्फ स्रोत (ख) | | |
| कूल पुँजी आवश्यकता (क) | | | कूल स्रोत परिचालन | | |

७. संस्थाको लागत व्यहोर्ने स्रोत :

क. शेयर रकमबाट रू. ....................

ख. जगेडा कोषबाट रू. ....................

ग. अन्य रू. ....................

८. नेपाल सरकार वा अन्य निकायबाट वित्तीय सहयोग प्राप्त गरेको वा प्राप्त गर्न आवेदन दिएको भए खुलाउने...........................................................................

## ९. सदस्य सहभागिताको अवस्थाः

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्य | | सञ्चालक समिति | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने | |
| | संख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| महिला | | | | | | |
| अपाङ्गता भएका व्यक्ति | | | | | | |
| दलित समुदाय | | | | | | |
| लोपोन्मुख जाति | | | | | | |
| गरीव परिचयपत्र प्राप्त परिवारका सदस्य | | | | | | |
| अन्य | | | | | | |
| जम्मा | | | | | | |

## १०. संस्थाको व्यावसायिक सेवामा सदस्य केन्द्रीयता

| विवरण | | हालको अवस्था (पछिल्लो आ.व.को) | | आयोजना सञ्चालन भएपछिको अवस्था | |
|---|---|---|---|---|---|
| | | रू. हजार | प्रतिशत | रू. हजार | प्रतिशत |
| उत्पादित वस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैरसदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामग्री र उपभोग्य वस्तुको बिक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

| स्वरोजगारी | हालको अवस्था | आयोजना सञ्चालन भएपछि हुने अवस्था |
|---|---|---|

| | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको | सदस्य सङ्ख्या | गैरसदस्य | जम्मा | सदस्यको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| प्रत्यक्ष पूर्ण (वर्षमा २०८० घण्टाकाम भए १ मानी संख्या जनाउने) | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

**११. आयोजनास्थलमा पूर्वाधारको स्थिति (√) चिन्ह लगाउनुहोस)**

बिजुली ☐

सिंचाइ ☐

पक्की सडक ☐

कच्ची सडक ☐

**१२. व्यवसायको लागि भवन, टहरा, सेडको स्थिति(√) चिन्ह लगाउनुहोस)**

आफ्नै स्वामित्यमा निर्माण भएको ☐

आफ्नै स्वामित्यमा निर्माणाधिन ☐

भाडा/लिजकमा लिएका.........

**१३. कार्यालयको भौतिक स्थिति**

आफ्नै भवन ☐

भाडाको घर ☐

**१४. संस्थाको आफ्नै स्वामित्वमा रहेको जग्गाको विवरणः**

**जग्गा रहेको गा.पा./न.पा......वडा नं.....**

**कित्ता नं.....**

**जग्गाको क्षेत्रफलः............**

**१५. संस्थागत सुशासनको स्थितिः**

सञ्चालक समितिको बैठक नियमित ☐ ☐ छ

छैन वार्षिक साधारण सभा नियमित भएको ☐ ☐

छ छैन ☐ ☐

☐ ☐

☐ ☐

लेखा परीक्षण नियमित छ

छैन संघहरूमा आबद्ध छ

छैन

कार्यालय सञ्चालन नियमावली छ छैन

छ भने कतिवटाः.................

आयोजनाको सम्भाव्यता अध्ययन ☐ छ ☐ छैन

भएको भए व्यवसायको वार्षिक मुनाफा दरः

**१६. उत्पादित वस्तुको बजार सम्भावनाः**

अन्तराष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

राष्ट्रिय बजारको पहुँच ☐ भएको ☐ नभएको

स्थानीय बजारको पहुँच ☐ भएको ☐ नभएको

**१७. सामुहिक व्यवस्थापनमा सञ्चालन**

क) ☐ हुने ☐ नहुने

ख) हुने भए सामूहिक रूपमा के कसरी सञ्चालन गरीने हो,खुलाउनेः

..................................................................................................................................

...

१८. प्रविधिमा नवप्रर्वतन (उत्पादकतत्व बढाउने गरी प्रयोगमा रहेको उतपादन विधिमा स्थानीय रूपमा गरीएको सकारात्मक परीवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन)

क) ☐ हुने ☐ नहुने

ख) हुने भए के कसरी हुने हो खुलाउनेः

..................................................................................................................................

...

**मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलापः**

क) हो ☐ होइन ☐

ख) हो भने व्यहोरा खुलाउने :

..................................................................................................................................

.........................................................................**वैदेशिक बजारीकरणः**

| विवरण | हाल (पछिल्लो आ.व.) को अवस्था | | आयोजना सञ्चालन भएपछि हुने अवस्था | |
|---|---|---|---|---|
| | रू. | प्रतिशत | रू. | प्रतिशत |
| स्वदेशमा बिक्री | | | | |
| विदेशमा बिक्री | | | | |
| जम्मा | | | | |

१९. **वातावारणीय सरोकार**: (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव)

क) सकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

ख) हुने भए के कस्तो हुने हो खुलाउने :

.................................................................................................

ग) नकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

घ) हुने भए के कस्तो हुने हो खुलाउनेः

.................................................................................................

२०. **अन्य कुनै कुरा भए खुलाउनेः**

.................................................................................................

प्रस्तावक हस्ताक्षर

..................................

नाम, थर, पद :
संस्थाको नाम,
ठेगाना :
संस्थाको छाप
सम्पर्क नं.:

**<u>व्यवसायिक कार्ययोजनाको ढाँचा (सुलभ मूल्य पसलको लागि मात्र)</u>**

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |

| | |
|---|---|
| संस्था दर्ता भएको कार्यालयको नामः | |
| | |

२. **सहकारी संघ/संस्थाको किसम** : क) उत्पादनमूलक ख) उपभोक्ता ग) श्रमिक घ) बहुउदेश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

**३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङख्या.........................**

**४. प्रस्तावित कार्यक्रमको नाम :-**

**५. सुलभ मूल्य पसल सञ्चालनको लागि घरजग्गाको विवरणः ............................रोपनी तथा कठ्ठा, पसल सञ्चालन गर्न घर/सटर/भवनको क्षेत्रफल**

**६. घर/जग्गा भाडामा लिएको भएः ...वर्षको सम्झौता भएको**

**७. आयोजना सञ्चालानको उद्देश्य.........................................................................**

**८. सुलभ मूल्य पसल स्थापना/सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरू. :-**

**९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-.........................................................**

**१०. कार्यक्रमले पार्ने सकरात्मक प्रभावः ..................................................................**

**११. कार्यक्रम सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ..................................**

**१२. आवेदक सघ/संस्थाको पुँजीको विवरणः**

| शेयर पुँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

**१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम...............................................**

**१४. स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................**

**१५. कार्यक्रम संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ** ☐ छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१६. **कार्यकम संचालन गर्ने स्थानको वातावरणीय अवस्था**.....................

**१७. कार्यक्रम सञ्चालनका जोखिमहरू के छन्? यदि भए समाधानका उपायहरू के के हुन सक्छन् ?**

-

-

**१८. कार्यक्रम सम्बन्धी संक्षिप्त विवरण**

**१९. आवश्यकता र औचित्य**

**२०. सुलभ मूल्य पसल सञ्चालन हुने स्थानः**

**२१. सुलभ मूल्य पसलमा खाद्यान्नका अतिरक्त प्राप्त हुन सक्ने वस्तुको सूचीः**

**२२. सुलभ मूल्य पसलका खाद्यान्नको लागि चाहिने बस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक/थोक बजार स्थल/दुरी....................**

**२३. सुलभ मूल्य पसलको क्षेत्र र लाभान्वित जनसङ्ख्या**

**२४. सुलभ मूल्य पसल सञ्चालन योजनाः...............**

(क) लक्षित ग्राहक..........

(ख) मुख्य विशेषताहरू............

(ग) उपलब्ध अवसरहरू.............

(घ) चुनौतीहरू...................

**२५. सारांश (कार्यक्रमको औचित्यता र उपादेयता झल्किने) :**

(क) ...........................

(ख) .............

(ग) .......

**२६. खाद्यान्न उपलब्ध गराउने प्रस्तावित मूल्य दरः**

| खाद्यान्न विवरण | प्रति किलो/लिटर | प्रति क्युन्टल |
|---|---|---|
| चामलः- | रू......... | रू......... |
| दाल, | रू......... | रू......... |
| नुन, | रू......... | रू......... |
| चिनी, | रू......... | रू......... |
| गहुँ | रू......... | रू......... |
| तेलजन्य | रू......... | |

**<u>नोट</u>**:-छ प्रकारका खाद्यान्नलाई त्यसको प्रकृति अनुसार थप वर्गीकरण गरी मूल्य तोक्न सकिनेछ।

## अनुसूची-८

(दफा २६ सँग सम्बन्धित)

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजात (सम्बन्धित दफामा उल्लेख भएका कागजात बाहेक)**

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको विनियमको प्रतिलिपि,

(ग) पछिल्लो कम्तीमा तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) पछिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र,

(ङ) सञ्चालक समितिबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्ने र अनुमोदनको लागि साधारण सभामा पेश गर्न गरिएको निर्णयको प्रतिलिपि,

(च) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टलिफोन नम्बर खुलेको विवरण,

(छ) एक करोड रूपैंयाँ वा सो भन्दा बढीको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सो भन्दा कम कुल लागत भएको आयोजना भए पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ज) विगत आर्थिक वर्षमा अनुदान प्राप्त गरी व्यवसाय सञ्चालन गरी रहेका संस्थाको हकमा व्यवसाय विस्तार तथा स्तरोन्नति योजना,

(झ) जग्गा प्राप्त गर्नु पर्नेमा जग्गा प्राप्तिको भरपर्दो कागजात प्रमाण,

(ञ) भौतिक पूर्वाधार निर्माण गर्नुपर्नेमा संस्थाको स्वामित्वमा रहेको जग्गाको पुर्जा वा सरकारबाट भोगाधिकार प्राप्त गरेको कागजात

(ट) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुंजीको स्रोत खुलेको सुनिश्चितताको प्रमाण कागजात,

(ठ) अनुसूची-७ बमोजिमको आयोजना तथा कार्यक्रमको व्यवसायिक योजना।

(ड) अनुसूची-१० बमोजिमको प्रतिवद्धता पत्र

**अनुसूची-९**

**(दफा २६ सँग सम्बन्धित)**

**<u>प्रस्ताव पेश गर्ने ढाँचा</u>**

श्री –................——मन्त्रालय

———— .................नेपाल।

विषयः-अनुदानका लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।

——— मन्त्रालयबाट मिति .................मा.......................राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस.............................. संघ/संस्थाले प्रदेश सरकारको अनुदान समेतमा............. आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने गरी मिति ................. को साधारण सभा/सञ्चालक समितिले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची-७ बमोजिमको व्यवसायिक योजना तथा अन्य संलग्न कागजात समेतका विवरण खुलाई यो प्रस्ताव पेश गरिएको छ।

——..........................का शर्त तथा व्यवस्था पालना गर्न यो .............संघ/संस्था मञ्जुर गरी प्रतिवद्ध रहेका छौं।

प्रस्तावक

...................

अध्यक्ष

नाम, थर:

संस्थाको नामः

ठेगानाः

संस्थाको छाप:

सम्पर्क नं.:

## अनुसूची-१०

(दफा २६ सँग सम्बन्धित)

**<u>प्रतिवद्धता-पत्रको ढाँचा</u>**

................ मन्त्रालय, लुम्बिनी प्रदेशको को मिति .............................. मा प्रकाशित सूचना अनुसार ............. कार्यक्रमका लागि अनुदानको व्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको प्रस्ताव/आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौंट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी न्यूनतम .............वर्षसम्म निरन्तरता दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरूका लागि अन्य कुनै निकायबाट विगत बर्षहरुमा समेत आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा अनुरोध गर्दछु/छौं।

सहकारीको नामः
ठेगानाः
मितिः
सहकारीको छापः

| क्र.सं. | सञ्चालकको नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

इति सम्वत् २०.........महिना.....गते ...........रोज ..........शुभम्।

# अनुसूची-११

## (दफा २८ को उपदफा (२) सँग सम्बन्धित)

## प्रारम्भिक मूल्याङ्कन/स्थलगत प्रमाणीकरण फारामको ढाँचा

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

**२.प्रस्ताव सम्बन्धी विवरण रूजुः**

सूचनाको म्यादभित्र दरखास्त दर्ता भएको □ नभएको □

सूचनामा तोकिएका सवै कागजात संलग्न भएको □ नभएको □

पछिल्लो वार्षिक साधारण सभा समयमै गरेको □ नगरेको □

पछिल्लो सञ्चालक समितिको निर्वाचन समयमै गरेको □ नगरेको □

पछिल्ला वार्षिक लेखापरीक्षण समयमै गराएको □ नगराएको □

यस अघि अनुदान प्राप्त गरेको भए सदुपयोग गरेको □ नगरेको □

कार्यक्षेत्र भन्दा वाहिर गई कारोवार सञ्चालन गरेको □ नगरेको □

संस्था सञ्चालनमा आएको कम्तीमा ... आर्थिक वर्ष पूरा भएको □नभएको □

बीउपुँजी सम्बन्धी कार्यक्रमको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न भएको □ नभएको □

कर चुक्ता प्रमाण पत्र भएको □ नभएको □

बीउपुँजी र पुँजीगत कार्यक्रमको हकमा वचत तथा ऋणको मुख्य कारोवार गरेको □ नगरेको □

लेखा समितिको वार्षिक प्रतिवेदन पेश भए □ नभएको □

**३. सहकारी संघ/संस्थाको किसिम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमिक घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (..........................)

४. सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या..........................

५. प्रस्तावित कार्यक्रमको नाम :-

६. योजना सञ्चालनको लागि जग्गाको विवरण: ............................रोपनी/कठ्ठा क्षेत्रफल

७. जग्गा भाडामा लिएको भए: ...............................वर्षको सम्झौता भएको

भौतिक पूर्वाधार निर्माणको हकमा आफ्नै स्वामित्वमा रहेको जग्गाको विवरणः.......

८. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने

आधारः-...........................................................................................................................

..........................................................................................................................................

९. आयोजनाले पार्ने सकरात्मक प्रभावः ..................................................................

..........................................................................................................................................

१०. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या.................................

११. आवेदक सघ/संस्थाको पुँजीको विवरणः

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१२. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम................................................

१३. आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

१४. आयोजना सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१५. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१६. आयोजना सञ्चालनका जोखिमहरु के छन्?

..............................................................

१७. कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

........................................

१८. प्रस्ताव पेश गर्दा भरिएको बिवरणहरुको सम्बन्धमा

- दुरुस्त पाईएको
- सामान्य फरक देखिएको
- फारममा पेश गरेको **वि**वरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मुल्यांकन टोलीले के के बिषयहरुमा कमी कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मुल्यांकनमा समाबेश हुनै छैन ।

१९. सिफारिस

उक्त परियोजना प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

* परियोजनासँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, परियोजनासँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण:

| | |
|---|---|
| नाम थरः | नाम थरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

## अनुसूची-१२
### (दफा २८ को उपदफा (३) सँग सम्बन्धित)
### प्रस्ताव मूल्याङ्कनका आधार र अङ्क

**(क) सामान्य अवस्थामा प्रयोग गरिने मूल्याङ्कनका आधार र अङ्क**

| सि.नं. | आधार | अङ्क | पूर्णाङ्क |
|---|---|---|---|
| १ | आयोजनाको सदस्य केन्द्रीयता (उत्पादन मूलक संस्थामा सदस्यबाट खरिद उपभोक्ता संस्थामा सदस्यलाई बिक्री र रोजगारीमूलक संस्थामा सदस्य रोजगारी) | | २० |
| **१.१** | **हालको अवस्था** | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| **१.२** | **आयोजनाको प्रक्षेपित अवस्था** | १० | |
| (क) | १०० प्रतिशत | १० | |
| (ख) | ७५ वा बढी | ८ | |
| (ग) | ५० वा बढी | ६ | |
| (घ) | २५ वा बढी | ४ | |
| (ङ) | २५ भन्दा कम | २ | |
| २ | **आयोजनाबाट सिर्जना हुने रोजगारी (प्रतिलाख लगानीमा पूर्ण रोजगारी सङ्ख्या)*** | | १५ |
| (क) | ५ जना वा बढी | १५ | |
| (ख) | ४ जना | १२ | |
| (ग) | ३ जना | ९ | |
| (घ) | २ जना | ६ | |
| (ङ) | १ जना वा कम | ३ | |
| ३ | **सीमान्तीकृत समुदायको सहभागिता** | | १५ |
| **३.१** | **सदस्यमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |

| | | | |
|---|---|---|---|
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.२** | **सञ्चालक समितिमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **३.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| ४ | **महिला सहभागिता** | | १५ |
| **४.१** | **सदस्यमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.२** | **सञ्चालक समितिमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **४.३** | **आयोजनाको लाभ लिनमा सहभागिता** | ५ | |
| (क) | शत प्रतिशत | ५ | |
| (ख) | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| (ग) | ३३ प्रतिशत भन्दा बढी | ३ | |

| | | | |
|---|---|---|---|
| (घ) | ३३ प्रतिशत भन्दा कम | २ | |
| (ङ) | नभएको | १ | |
| **५** | **भौगोलिक अवस्था** | | १० |
| (क) | अनुसूची-२ बमोजिमको क्षेत्र | १० | |
| ख) | अन्य ग्रामीण क्षेत्र गाउँपालिका क्षेत्र | ८ | |
| (ग) | अनुसुची-२ वाहेकको नगरपालिका | ६ | |
| (घ) | उपमहानगरपालिका | ४ | |
| (ङ) | महानगरपालिका | २ | |
| **६** | **सिर्जनात्मकता** | | २५ |
| (क) | सामूहिक व्यवस्थापनमा सञ्चालन | ५ | |
| (ख) | भैरहेको प्रविधिमा नवप्रर्वतन** | ५ | |
| (ग) | मूल्य श्रृङ्खलामा माथिल्लो क्रियाकलाप | ५ | |
| (घ) | वातावरणीय सरोकारको सम्बोधन*** | ५ | |
| (ङ) | उत्पादनको बैदेशिक बजारीकरण**** | ५ | |

**द्रष्टव्य**:

* "पूर्ण रोजगारी" भन्नाले वर्षमा २,०८० घण्टाको काम सम्झनु पर्छ।

** "नवप्रर्वतन" भन्नाले उत्पादकत्व बढाउने गरी प्रयोगमा रहेको उत्पादन विधिमा स्थानीय रूपमा गरिएको सकारात्मक परिवर्तन वा स्थानीय समस्या समाधान गर्ने गरी आधुनिक प्रविधिको सिर्जनात्मक अवलम्बन सम्झनु पर्छ।

*** "वातावारणीय सरोकार" भन्नाले प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदुषणको रोकथाम लगायतमा पर्ने प्रभाव सम्झनु पर्छ।

**** "वैदेशिक बजारीकरण" भन्नाले उत्पादनको ५ प्रतिशत भन्दा वढी विदेश निर्यातलाइ सम्झनु पर्छ।

**(ख) <u>सुपथ मूल्य पसल मूल्याङ्कनका आधार तथा मापदण्ड</u>**

१.सहकारीको नाम:

२.ठेगाना :

३.सम्पर्क व्यक्तिको नाम:

४.सम्पर्क नं.:

**कार्यक्रम छनौटका लागि उपक्षेत्रका विषयः**

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | १५ | | |
| २ | स्थानीय खाद्यान्नको उपयोग | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | १५ | | |
| ४ | खाद्यान्नको प्रस्तावित मूल्यदर | २० | | |
| ५ | सुलभ पसल सञ्चालनको सुनिश्चितता | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | विपन्न/न्यून आय भएका लाभान्वित जनसंख्या | १० | | |
| ८ | उपयुक्तता | १० | | |
| | जम्मा | १०० | | |

**<u>नोटः</u>**

- अनुदानको लागि छनौट हुन मूल्याङ्कनमा कम्तीमा चालीस अङ्क प्राप्त गरेको हुनुपर्नेछ।
- कार्यक्रमको प्रकृति अनुसार मुल्याङ्कनका आधार र मापदण्ड थपघट,परिमार्जन वा बर्गीकरण गर्नुपर्ने भएमा देहायको तालिकाको आधारमा मूल्याङ्कनमा प्राथमिकिकरण हुने गरी मन्त्रालयले निर्धारण गर्नेछ।

| प्राथमिकिकरण | १ | २ |
|---|---|---|
| १ | भौतिक संरचना निर्माण | साधारण संस्था/समूह/सदस्य |
| २ | उत्पादन र बजारीकरण | समावेशी समूह पिछडिएको क्षेत्र र विपन्नता भएका व्यक्ति |
| ३ | सीप विकास र स्वरोजगारीमा योगदान | बहुबहिष्करणमा परेको क्षेत्र/समूदाय |

## अनुसूची-१३
## (दफा ३१ को उपदफा (२) सँग सम्बन्धित)
## <u>सम्झौता पत्रको ढाँचा</u>

लुम्बिनी प्रदेश, प्रदेश सरकार, —— मन्त्रालय, मुकामः बुटवल (यस पछि "पहिलो पक्ष" भनिएको) र श्री .................................... सहकारी संस्था लि. ..........(यस पछि "दोस्रो पक्ष" भनिएको) का बीच ........................ (यसपछि "कार्यविधि" भनिएको) बमोजिम दोस्रो पक्षको स्रोत र मन्त्रालयको अनुदान समेतबाट आयोजना सञ्चालन गने, गराउने सम्बन्धमा तपसिलमा उल्लिखित सर्त बन्देजहरू एक आपसमा पालना गर्ने गरी दुबै पक्षको सहमतिमा मन्त्रालयमा कार्यविधि बमोजिम यो सम्झौता पत्रमा सहीछाप गरी एक/एक प्रति बुझि लियौं/दियौं।

### भाग-१
### <u>आयोजना</u>

१. पहिलो पक्षले मिति ........ को ...........पत्रिकामा प्रकाशित सूचनाको प्रतिउत्तरमा दोस्रो पक्षले पेश गरेको दरखास्तमा संलग्न प्रस्तावमा उल्लेख भए बमोजिमको ........ आयोजना सञ्चालन गर्न दोस्रो पक्षलाई कार्यविधि अन्तर्गतको पहिलो पक्षले मिति ........... मा स्वीकृत गरेको अधिकतम सीमा रू. .......।– अक्षेरूपी ........) मा आयोजनाको यथार्थ पुँजीगत लगानीको ........ प्रतिशत ननाघ्ने गरी अनुदान प्रदान गर्नेछ।

२. बुदाँ नं.१ मा उल्लेखित आयोजनाहरू अन्तरगतका कार्यहरू दोस्रो पक्षले आर्थिक वर्ष (..।..) भित्र सम्पन्न गर्नु पर्नेछ/प्रारम्भ गरी आर्थिक वर्ष (........) भित्र सम्पन्न गर्नुपर्नेछ।

### भाग-२
### <u>दोस्रो पक्षको दायित्व</u>

३. बुदा नं. १ बमोजिम प्रदान गरिने अनुदानको रकम माग गर्नु अघि अन्य कुराको अतिरिक्त देहाय बमोजिमका आयोजना कार्यान्यनको पूर्व तयारी पूरा गरेको हुनु पर्नेछः-

(क) निर्माण वा पुँजीगत मर्मत सुधार कार्यहरूको हकमा मान्यता प्राप्त प्रविधिकद्धारा विस्तृत प्राविधिक नाप नक्सा तथा लागत अनुमान तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको,

(ख) मेसिनरी यन्त्र साधन लगायतको हकमा मान्यता प्राप्त प्राविधिक द्धारा जडान, कारखानाको रूपाङ्कन (Layout), सुविधा समेतको प्राविधिक विवरण (Technical Specification) तथा लागत अनुमान तयार पारी सञ्चालक समितिले स्वीकृत गरेको,

(ग) खण्ड (क) र (ख) बमोजिम सम्पन्न लागत अनुमान समेतका कार्यहरू रू.तीस लाखसम्मको आयोजना भए सञ्चालक समितिबाट र सो भन्दा बढीको आयोजना भए साधारण सभाबाट अनमोदन गरी खरिद योजना पारित भएको।

४. बुदा नं. ३ बमोजिम खरिद योजनाका साथै कार्यसम्पादन तालिका समेत पेश गर्नुपर्नेछ तथा त्यस्तो तालिकामा काम सुरू भएपछी हुने अवधि बीचको क्रियाकलाप समावेश भएको हुनु पर्नेछ।

५. कार्यविधि बमोजिम सदस्य केन्द्रीत भएर आयोजना अन्तर्गतका सेवा सञ्चालन गर्नेछ तथा सेवामा विपन्न महिला अपाङ्गता भएका व्यक्ति दलित एवम् अल्पसंख्यक जनजाती समेतका सीमान्तकृत समूहहरूको पहुँच स्थापित गर्न प्रोत्साहनजनक व्यवस्था मिलाउने छ।

६. यो सम्झौता पत्र बमोजिम प्राप्त हुने अनुदानको सम्पूर्ण रकमका सम्बन्धमा देहाय बमोजिम लेखाङ्कन र उपभोग गर्नु पर्नेछः-

(क) कार्यविधि बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जगेडा कोषमा राख्ने,

(ख) कार्यविधि बमोजिम उपयोग खुल्ने गरी स्रेस्ता राखी उल्लिखित आयोजनाको पुँजीगत खर्चमा मात्र उपयोग गर्ने,

(ग) आयोजना स्थल वा कार्यालयको छुट्टै सूचना पाटी खडा गरी मन्त्रालयका साथै संस्थाको योगदानसमेत देखिने गरी आयोजनाको जम्मा बजेट र अद्यावधिक खर्चको फाँटवारी सजिलै पढ्न सकिने अक्षरमा लेखी सार्वजनिक गर्ने।

७. बुदा नं.१ मा उल्लिखित आयोजना अन्तर्गत सम्पन्न गरेका कार्य खर्च र प्रतिफल सहितको प्रगति विवरण देहायबमोजिम सञ्चालक समितिबाट स्वीकृत गरी मन्त्रालयमा पेश गर्नुपर्नेछः-

(क) पूर्वतयारी प्रतिवेदन पहिलो किस्ता लिनु अगावै,

(ख) अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगाबै,

(ग) वार्षिक प्रतिवेदन दोस्रो किस्ता लिएको आर्थिक वर्ष व्यतित भएको ३० दिनभित्र,

(घ) आयोजनाको प्रतिफल (output) तथा उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्ष भित्र,

८. यो सम्झौता–पत्र बमोजिम प्राप्त हुने अनुदान रकमको स्रेस्ता तथा बील भरपाई अलग्गै रूपमा राखी प्रचलित कानूनमा व्यवस्था भए बमोजिम लेखापरीक्षण गराएर साधारण सभावाट स्वीकृत भएपछी मन्त्रालयमा पठाउनु पर्नेछ।

९. साधारण सभावाट अनुमोदित कार्य प्रगति प्रतिवेदन एवम् बुदा नं. ७ बमोजिम मन्त्रालयमा पेश गरेको प्रतिवेदनको एक प्रति सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

१०. यो सम्झौता–पत्र बमोजिम प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा सम्पूर्ण आयोजना/ कार्यक्रम खर्चका लागि एउटै 'प्याकेज' मा वा छुट्टाछुट्टै 'प्याकेज' गर्ने भए सो समेत उल्लेख गरी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को प्रक्रिया पूरा गरेको हुनु पर्नेछ।

## भाग-३

## पहिलो पक्षको दायित्व

११. दोस्रो पक्षले बुदा नं. ३ बमोजिम पूर्व तयारी पूरा गरेको जानकारी सहित रकम माग गरेको सात दिनभित्र बुदाँ नं. १ मा उल्लिखित अधिकतम सीमाको ... प्रतिशतले हुने रू............(अक्षेरूपी.......) को सीमा ननाघ्ने गरी पहिलो किस्ता वापत भुक्तानी गर्नेछ।

१२. बुदा नं. ११ बमोजिम भुक्तानी गरेको पहिलो किस्ता बापतको रकम कटाएर बाँकी हुने रकम दोस्रो पक्षले देहायका कागजात सहित अन्तरिम प्रतिवेदन पेश गरेको .....दिनभित्र भुक्तानी दिनेछः-

(क) पहिलो किस्ता वापत प्राप्त रकमको खर्चको फाँटवारी र

(ख) निर्माण कार्यको हकमा प्रदेश सरकारको ठेक्का सम्बन्धी बील रनिङ बील तथा नापी किताप (Measurement book) को प्रतिलिपी,

(ग) अनुसूची-१४ बमोजिमको प्रगति प्रतिवेदन।

१३. दोस्रो पक्षले अनुदानको रकम माग गर्दा आयोजना अन्तर्गत सम्पन्न गरिने कार्यहरूको नाप नक्सा प्राविधिक विवरण (Technical specifications), लागत अनुमान, खरिद योजना, प्राविधिक जाँचपास प्रतिवेदन, बील, भरपाई लगायत सम्पुर्ण कागजातका साथै तत्सम्बन्धी भएका निर्णयका प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

१४. दोस्रो पक्षलाई प्रदान गरिने अनुदान रकममा पहिलो पक्षले अनुदान रकमबाट भुक्तानी दिने रकममा मूल्य अभिबृद्धि कर, अन्य करहरू, कन्टिन्जेन्सी तथा स्रोतमा आयकर कट्टी लगायत प्रचलित कानून बमोजिम कट्टी गर्नुपर्ने रकम कट्टी गरी भुक्तानी गर्नुपर्नेछ।

## भाग -४

## सर्तहरू

१५. दोस्रो पक्षले खरिद गर्ने मेसिनरी यन्त्र साधन उपकरण र यान्त्रिक सरसामानहरू नयाँ हुनु पर्नेछ।

१६. बुदाँ नं. १ मा उल्लिखित आयोजनाहरूको पूर्व तयारी चरण देखि नै पहिलो पक्ष र सम्बन्धित स्थानीय तह समेतले जुनसुकै वेला स्थलगत अनुगमन गर्न सक्नेछ तथा दोस्रो पक्षले त्यसमा आवश्यक सहयोग गर्नुपर्नेछ।

१७. माथि जुनसुकै कुरा लेखिएको भए तापनि दोस्रो पक्षको लेखापरीक्षण त्रुटीपुर्ण रहेको भनी उजुरी परेमा पहिलो पक्षले तत्सम्बन्धमा छानविन गरी पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ।

१८. दोस्रो पक्षले यो सम्झौता पत्र बमोजिम प्राप्त अनुदानको जानकारी लगत्तै बस्ने साधारण सभामा गराउनुका साथै वार्षिक साधारण सभावाट अनुदानबाट सम्पन्न गरेका कार्यहरूको विवरण पेश गरी अनुमोदन गराउनु पर्नेछ।

१९. यो सम्झौता पत्रमा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमन गर्दा दोस्रो पक्षले प्राप्त अनुदानको सदुपयोग नगरेको वा यो सम्झौता पत्रको कुनै सर्त पालना नगरेको पाइएमा पहिलो पक्षले कार्यविधि बमोजिम बाँकी किस्ताको भुक्तानी रोक्का राख्नुका साथै त्यस्तो अनुदानको रकम कुनै किसिमले दुरूपयोग गरेको पाइएमा त्यसरी दुरूपयोग गर्ने दोस्रो पक्षका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको घरघरानाबाट सरकारी बाँकी सरह असुल उपर गराउनेछ।

२०. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दोस्रो पक्षले प्रक्रिया पूरा नगरी यो सम्झौता पत्र अन्तर्गत प्राप्त हुने अनुदानको रकम भुक्तानी वा शोधभर्ना माग गरेकोमा पहिलो पक्षले त्यस्तो रकम भुक्तानी वा शोधभर्ना दिने छैन।

२१. दोस्रो पक्षले यो सम्झौता–पत्रको मितिले .... दिनभित्र पूर्व तयारीका कार्यहरू सम्पन्न नगरेमा वा यो सम्झौता पत्र वा कार्यविधिको व्यवस्थाहरू उलङ्घन हुने गरी कार्य गरेमा पहिलो पक्षले यो सम्झौता पत्र रद्द गर्न सक्नेछ।

२२. यो सम्झौता–पत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधि बमोजिम आयोजनाका लागि वित्तीय अनुदान स्वीकृत गर्दा तोकेको सर्त पूरा नगरेको खण्डमा पहिलो पक्षले यो सम्झौता–पत्र रद्द गर्न सक्नेछ।

२३. करार सम्झौताको कार्यान्वयनको सन्दर्भमा पहिलो पक्षले अनुदान रकमबाट कुनै पनि मूल्य समायोजन र भेरियसनको रकम भुक्तानी गर्ने छैन।

२४. उल्लिखित आयोजना स्थलमा दोस्रो पक्षले कार्यविधिको अनुसूची-१५ बमोजिमको सूचना पाटी राख्नु पर्नेछ।

२५. दोस्रो पक्षले काबु वाहिरको परिस्थितिका कारण यो सम्झौतापत्रको कुनै बुदाँमा संशोधन गर्नुपर्ने भएमा त्यस्तो घटना घटेको सात दिनभित्र निवेदन दिनु पर्नेछ र औचित्यका आधारमा दुबै पक्षको आपसी सहमतिले संशोधन गर्न सकिनेछ।

२६. यो सम्झौता–पत्रमा नलेखिएका कुरा वा यसमा लेखिएको कुनै कुरा कार्यविधि तथा प्रचलित कानूनसँग बाझिएकोमा कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ।

२७. यो सम्झौता–पत्र हस्ताक्षर भएको मितिले ...... सम्म मान्य रहनेछ।

२८. माथि जुनसुकै कुरा लेखिएको भए तापनि मनासिव कारण परी दोस्रो पक्षले यो सम्झौता पत्रको मान्य अवधि वढाउन निवेदन दिएको खण्डमा पहिलो पक्षले ... महिनासम्म मान्य अवधि बढाउन सक्नेछ।

२९. यो सम्झौता–पत्रको कुनै प्रावधानका सम्बन्धमा विवाद उत्पन्न भएमा दुबै पक्षको आपसी समझदारीमा त्यस्तो विवादको निरूपण गरिनेछ र विवाद समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ।

३०. आयोजनास्थलमा हुने कुनै दुर्घटना, भवितब्य वा कुनै जोखिम उत्पन्न भएमा त्यस्तो घटनाबाट उत्पन्न हुने आर्थिक तथा वीमा सम्बन्धी दायित्व दोस्रो पक्षको हुनेछ।

३१. यो सम्झौता पत्रमा लेखिएका कुरा यसै बमोजिम र यसमा नलेखिएका कुराका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

सहीछाप

| | |
|---|---|
| संस्थाको तर्फबाट | मन्त्रालयको तर्फबाट |
| नाम : | नाम : |
| पद : | पद : |
| हस्ताक्षर: | हस्ताक्षर: |
| छाप : | छाप : |

**रोहवर/साक्षी**

| | |
|---|---|
| १. नाम : | १. नाम : |
| ठेगाना : | ठेगाना : |
| हस्ताक्षर : | हस्ताक्षर |
| २. नाम : | २. नाम : |
| ठेगाना : | ठेगाना : |
| हस्ताक्षर : | हस्ताक्षर : |

इति सम्वत् ........ साल ............महिनाको .......गते ....रोज.........मा शुभम।

**नोटः** मन्त्रालयले आयोजनाको प्रकृतिका आधारमा यस सम्झौतामा शर्तहरूमा आवश्यक थपघट गर्न सक्नेछ।

# अनुसूची-१४
## (दफा ३६ को उपदफा (४) खण्ड (ज) सँग सम्बन्धित)
## कार्य प्रगति प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः

अनुदान प्रदान गर्ने मन्त्रालय/निकायको नामः

अनुदानग्राही नामः

कार्यक्रम सञ्चालन अवधिः

कार्यक्रममा अन्य कुनै साझेदार निकाय भएमा नामः साझेदारीको रकमः

| सि. नं. | क्रियाकलाप | अनुदान रकम रू. | लक्ष्य (इकाई) | | प्रगति प्रतिशत | | लक्ष्य अनुसार प्रगति हुन नसकेको भए कारण | मासिक/ चौमासिक/ अर्धवार्षिक / वार्षिक/ अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |

**तयार गर्नेः**

नामः

पदः

दस्तखतः

मितिः

**प्रमाणित गर्ने**

नामः

पदः

दस्तखतः

**<u>द्रष्टव्यः</u>** कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी मन्त्रालयले प्रगति प्रतिवेदनको ढाँचा तयार गर्न सक्नेछ।

## अनुसूची -१५

## (दफा ४५ सँग सम्बन्धित)

प्रदेश सरकार

..........................मन्त्रालय

लुम्बिनी प्रदेश

## आयोजना सूचना पाटीको नमूना

१. आयोजनाको नाम :

२. आयोजना सञ्चालन गर्ने मन्त्रालय/कार्यालयको नामः

३. संस्थाको अध्यक्ष/सञ्चालकको नाम र सम्पर्क नं.. :

४. आयोजनाको कुल लागत रकम रू. :

(क) आयोजनामा मन्त्रालय/कार्यालयबाट व्यहोर्ने लागत रकम रू. :

(ख) संस्थाबाट व्यहोर्ने लागत रकम रू. :

(ग) आयोजनामा लगानी गर्ने अन्य निकाय भए नाम र व्यहोर्ने लागत रकम रू. :

५. आयोजना सम्झौता मिति :

६. आयोजना सम्पन्न गर्ने मिति :

७. आयोजनाबाट लाभान्वित जनसङ्ख्याः

८. आयोजनाका प्रमुख कार्यहरु वा प्रमुख संरचनाको परिमाण वा संख्याः